का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ असोज २०८२
बुधबार
24 September 2025
Wednesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



### सूचना स्रोतमा कमजोर प्रहरी

## लुटिएका हतियारको छैन अत्तोपत्तो



छानबिन गर्न समिति बनाएका छौं, कतिपय हतियार जलेका छन्, कति हराएका छन् यसको यकिन विवरण छानबिन समितिले प्रतिवेदन बुझाएपछि मात्रै भन्न सकिन्छ

■ **विनोद घिमिरे**
**प्रहरी प्रवक्ता**



लुटिएका हतियारको प्रयोगकर्ताहरू को-को हुन सक्छन् भन्ने विषय निकै गम्भीर छ । यसले नागरिक सुरक्षामा चुनौती थपेको छ

■ **दीपेन्द्र शाह**
**पूर्वडिएसपी**

**जीवन शर्मा/मध्याह्न**
काठमाडौं, ७ असोज

दक्षिण एसियामै अनुसन्धानमा अब्बल मानिएको नेपाल प्रहरी सूचना र स्रोतका हिसाबले कमजोर देखिएको छ । जेनजी प्रदर्शन क्रममा भदौ २३ र २४ मा देशभरका प्रहरी युनिटबाट लुटिएका झण्डै ११ सय हतियारको खोजी गर्न सकेको छैन । ती हतियार कस्ता व्यक्ति वा समूहले लगेका हुन भन्ने भेउसम्म पाउन सकेको छैन ।

आन्दोलनका क्रममा प्रहरीचौकीमाथि आगजनी, लुटपाट र तोडफोडबाट देशभरका अधिकांश संरचनामा क्षति पुगेको छ । तर क्षति भएका संरचना र प्रहरी युनिटका हतियारको तथ्यांकसम्म प्रहरी प्रधान कार्यालयसँग नरहेको पाइएको हो ।

घटनाको १५ दिन बितिसक्दा समेत आफ्नो मातहत युनिटलाई दिइएका, त्यसमध्ये क्षति भएका, हराएका र बाँकी रहेका हतियार संख्या यकिन गर्न नसक्नु प्रहरीको सूचना, स्रोतमा र व्यवस्थापकीय कमजोरीका रूपमा लिन सकिने एक पूर्वप्रहरी अधिकृत बताउँछन् । सुरक्षाकर्मीबाट लुटिएका हतियारले सर्वसाधारणमा त्रास बढेको पूर्वडिएसपी दीपेन्द्र शाहले बताए । 'लुटिएका हतियारको प्रयोगकर्ताहरू को-को हुन सक्छन् भन्ने विषय निकै गहिरो छ । यसले नागरिकको सुरक्षामा चुनौती थपेको छ । प्रहरीले मात्रै नभएर आमनागरिकले समेत त्यस्ता गतिविधि नियालेर सुरक्षा निकायलाई सूचना दिनुपर्छ,' उनले भने ।



प्रहरी कार्यालय तोडफोड र आगजनीसँगै हतियार लुटेका भिडिओ, तस्बिर प्रदर्शनकारीले नै सार्वजनिक गरेका थिए । उनीहरूमध्ये कतिपयले आफैंले हतियार बुझाएका छन् भने केहीलाई नेपाली सेनाले भेटेर बरामद गरेको छ । लुटिएकामध्ये कम्तीमा ३ सय थान हतियार नेपाली सेनाले बरामद गरेको जनाएको छ । प्रदर्शनमा पेस्तोल, बन्दुक, ग्यास गन, एसएलआर, थ्री नट थ्री राइफल, एसएमजी, हर्नेट र ट्वान्टी टु म्याग्नमलगायत हतियार लुटिएको प्रहरी अधिकृत बताउँछन् । सबै प्रकारका गरेर करिब ११०० थान हतियार लुटिएको हुन सक्ने प्रहरी अधिकृतहरूको अनुमान छ । तर हतियारजस्तो संवेदनशील कुरामा प्रहरी प्रधान कार्यालय असंवेदनशील देखिएको टिप्पणी हुन थालेको छ ।

आफ्नै हतियार खोसिएका मात्रै होइन सुरक्षार्थ खटिएका प्रहरीमाथिको आक्रमण र मृत्युसम्मको अवस्थालाई हेर्दा प्रहरी फोर्सकै मनोबल गिरेको देखिन्छ । आन्दोलनका क्रममा सुरक्षाकर्मीकै हतियार खोस्नेहरू जेनजी नभएर अरू कुनै आपराधिक व्यक्ति भएको स्वयं प्रहरी अधिकारी बताउँछन् । लुटिएका र आगजनी भएका हतियारको विवरण तयार गर्न प्रहरी प्रधान कार्यालयले डिआइजी दीपक रेग्मीको नेतृत्वमा समिति गठन गरेको छ ।

अन्वेषण योजना तथा विकास निर्देशनालयका डिआइजी रेग्मीको नेतृत्वमा बनाएको सो समितिले कहिले प्रतिवेदन बुझाउँछ यकिन छैन । आन्दोलनका क्रममा हराएका र जलेका हतियार र अन्य संरचनागत अवस्थाको यकिन विवरण छानबिन समितिले प्रतिवेदन बुझाएपछि मात्रै भन्न सकिने नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले बताए । उनले मध्यान्हसँग भने, 'हामीले यस विषयमा अध्ययन र छानबिन गर्न समिति बनाएका छौं । कतिपय हतियार जलेका छन्, कति हराएका छन् यसको यकिन विवरण छानबिन समितिले प्रतिवेदन बुझाएपछि मात्रै भन्न सकिन्छ ।' सो प्रतिवेदन आउन अझै केही समय लाग्ने प्रवक्ता घिमिरेले बताए ।

हतियारको तथ्यांक नै नआएको प्रहरीसँग कति गोली, अश्रुग्यास लुटिए, हराए भन्ने पृष्ठ २ मा

## अख्तियारको नजरमा नेताभन्दा बढी कर्मचारी भ्रष्ट

*आर्थिक वर्ष २०८१/८२ मा अख्तियारले ७ सय ५३ जनालाई प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरेको छ । त्यसमा ३ सय ९२ कर्मचारी प्रतिवादी बनाइएका छन् । बाँकी सार्वजनिक पद धारण गरेका अन्य व्यक्ति छन् ।*

**दिवाकर अधिकारी/मध्याह्न**
काठमाडौं, ७ असोज


अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा ३७ हजार बढी भ्रष्टाचारका उजुरी परेका छन् । त्यसमध्ये अनुसन्धान गरेर आयोगले विशेष अदालतमा लगेका मुद्दामध्ये नेताभन्दा कर्मचारी धरै आरोपित छन् ।

अख्तियारको ३५औं वार्षिक प्रतिवेदनमा उल्लेख भएअनुसार कुल उजुरी संख्या ३७ हजार २६ वटा रहेको छ । आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन हालै राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेस गरेको छ । जसमा अघिल्लो आर्थिक वर्षमा केन्द्रीय कार्यालय र मातहत कार्यालयमा २८ हजार ५ सय ५४ वटा उजुरी दर्ता भएका थिए । त्यसभन्दा आघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरी आएका उजुरीको संख्या ८ हजार ४ सय ७२ थियो । दुवै जोड्दा उजुरीको संख्या ३७ हजार २६ वटा पुगेको हो ।



सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले अनुसन्धान र अभियोजन गर्दै आएको छ ।

■ **प्रेमकुमार राई**
**प्रमुख आयुक्त**
**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**




अनुसन्धान गरेर आयोगले विशेष अदालतमा दायर मुद्दामा प्रतिवादीको संख्यामा नेताभन्दा धेरै कर्मचारी रहेको पाइएको हो ।

अख्तियारका अधिकारीहरूका अनुसार आर्थिक वर्ष २०८१/८२ मा अख्तियारले ७ सय ५३ जनालाई प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरेको छ । कुल ७ सय ५३ प्रतिवादीविरुद्ध ६ अर्ब १ करोड ८४ लाख ७२ हजार ६ सय ९२ रुपैयाँ ९३ पैसा बिगो माग दाबी गरिएको छ । त्यसमा ३ सय ९२ कर्मचारी प्रतिवादी बनाइएका थिए । बाँकी सार्वजनिक पद धारण गरेका अन्य व्यक्ति रहेका छन् ।

अख्तियारका अनुसार कर्मचारीबाहेकका प्रतिवादीमा ४८ जना निर्वाचित जनप्रतिनिधि, १८ जना राजनीतिक नियुक्ति १८, उपभोक्ता तथा व्यवस्थापन समितिका पृष्ठ २ मा



## सुक्खा पहिरोले ठप्प पृथ्वी राजमार्ग

**मध्याह्न संवाददाता**
काठमाडौं, ७ असोज

चितवनको तुइनखोलामा ठुलो मात्रामा खसेको सुक्खा पहिरोका कारण मुग्लिन-नारायणगढ सडक पूर्ण रूपमा बन्द भएको छ । सडक अवरुद्ध भएपछि चितवन प्रशासनले वैकल्पिक सडक प्रयोग गर्न अनुरोध गरेको छ ।

वैकल्पिक मार्गका रूपमा महोत्तरीको बर्दिवास, मकवानपुरको हेटौंडा, रूपन्देहीको बुटवल, नवलपरासी बर्दघाट सुस्ता पूर्वको कावासोती र गैंडाकोट, धादिङको नौबिसे तथा तनहुँको हकमा खैरेनीटारबाटै उपयुक्त वैकल्पिक मार्ग प्रयोग गर्न चितवन प्रशासनले अनुरोध गरेको हो ।

चितवनबाट काठमाडौं आउजाउ गर्न (साना गाडी मात्रै) चितवनको जुटपानी, शक्तिखोर, मायाटार हुँदै धादिङको मलेखु निस्कने वैकल्पिक सडक प्रयोग गर्न सकिने छ । यसैगरी, धादिङको नौबिसेबाट मकवानपुरको हेटौंडा निस्कने त्रिभुवन राजपथको बाटोलाई वैकल्पिक सडकका रूपमा प्रयोग गर्न सकिने प्रशासनले जनाएको छ । यसैगरी, मकवापनुरको हेटौंडाबाट भैंसे, भीमफेदी, कुलेखानी, सिस्नेरी हुँदै दक्षिणकालीको बाटो पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## कामदार भिसा सहज गर्न परराष्ट्रले पहल गर्ने

**मध्याह्न संवाददाता**
काठमाडौं, ७ असोज

परराष्ट्र मन्त्रालयले संयुक्त अरब इमिरेट्स (युएई)सहित केही खाडी मुलुक र मलेसियाबाट नेपाली कामदारका लागि पूर्ववत् रूपमा भिसा जारी गर्ने व्यवस्था गर्न कूटनैतिक पहल सुरु गरिएको बताएको छ ।

गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा ठुलो संख्यामा कैदीबन्दी भागेको र लुटिएका हतियार फिर्ता नभएको समाचार अन्तर्राष्ट्रिय रूपमा सार्वजनिक भएपछि युएईसहित नेपाली कामदारका प्रमुख गन्तव्य मुलुकहरूले सम्बन्धित व्यक्तिको आचरण र चालचलनसम्बन्धी कागजात माग्दै भिसा जारी गर्ने काममा केही ढिलाइ गरिरहेका छन् ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेलले भिसासम्बन्धी व्यवस्थालाई पूर्ववत् अवस्थामा फर्काउन नेपालस्थित सम्बन्धित देशका राजदूतहरूसँग छलफल सुरु गरिएको बताएका छन् । सुरक्षाको विषय सम्बन्धित देशको आन्तरिक मामिला भएको भन्दै युएईलगायतका मुलुकले औपचारिक रूपमा नेपाललाई जानकारी गराएका छैनन् । उनीहरूले अत्यन्तै छोटो समयका लागि सतर्कता अपनाएको हुनसक्ने आंकलन गरिएको छ । तर नेपालमा अनेकौं आशंका र अनुमान गरिएको छ । आशंकाका भरमा सार्वजनिक भएका समाचारहरूले अन्योल बढाउन सहयोगी भूमिका खेलेको देखिएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले सबै गन्तव्य मुलुकमा नेपाली कामदारको भिसा सहज गराउने विषयमा संघ गम्भीर रहेको र सोही अनुसार छलफल पृष्ठ २ मा

### ह्याकरबाट सचेत रहन दूतावासको आग्रह

**ओमान/मस–** ओमानको मस्कटस्थित नेपाली दूतावासले ठगी गर्न ह्याकरहरू सक्रिय रहेको भन्दै नेपाली कामदारहरूलाई सचेत गराएको छ । दूतावासका अनुसार एक जना नेपाली कर्मचारीलाई बैंकिङ फ्रड गर्ने ह्याकरले झुक्याउने उच्चतम प्रयास गरेपछि दूतावासले नेपालीलाई सतर्क रहन आग्रह गरेको जनाएको छ । दूतावासका अनुसार प्रहरी पोसाकमा रहेका ह्याकरले 'तपाईंको कार्ड हराएको हो, चेक गर्नुहोस्' भनेर दूतावासका कर्मचारीलाई छक्याएर ह्याक गर्ने प्रयास गरेको पाइएको छ । पृष्ठ २ मा

### मध्यावधि निर्वाचन

## पूर्वतयारीमा जुटे सरकार–आयोग





**मध्याह्न संवाददाता**
काठमाडौं, ७ असोज

आगामी फागुन २१ मा प्रतिनिधि सभाको निर्वाचन गराउन सरकारको तयारीअनुसार आयोग अघि बढ्ने तयारी गरेको छ । तोकिएको प्रतिनिधि सभा निर्वाचनका तयारीबारे प्रधानमन्त्री सुशीला कार्की र निर्वाचन आयोगका पदाधिकारीबीच छलफलपछि निर्वाचन गर्न आवश्यक पूर्वतयारी थाल्न बाटो खुलेको हो ।

६ महिनाका लागि गठन भएको अन्तरिम सरकारको मुख्य जिम्मेवारी निर्वाचन गराउनु नै हो । त्यससँगै जेनजी आन्दोलनमा उठेका मुद्दालाई सम्बोधन गर्नु सरकारको दायित्व रहेको मन्त्रीहरूले बताएका छन् । सामान्यतया निर्वाचनको तयारीका लागि निर्वाचन आयोगले १ सय २० दिनको समय माग्ने गर्छ । यस हिसाबले कार्की नेतृत्वको सरकारलाई चुनाव सम्पन्न गर्न पर्याप्त समय उपलब्ध छ । भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त भएकी कार्कीले भदौ २९ र असोज ५ गरी दुई चरणमा मन्त्रिपरिषद् विस्तार गरिसकेकी छन् । कार्की नेतृत्वको सरकारले अझै पूर्णता नपाए पनि निर्वाचनका लागि आवश्यक तयारी थाल्न आयोगलाई प्रधानमन्त्रीले निर्देशन दिइसकेकी छन् । सोहीअनुसार आयोगअघि बढेको आयोगका पदाधिकारीहरूको भनाइ छ । सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छलफल भएको थियो ।

छलफलमा प्रधानमन्त्री कार्कीले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित, निष्पक्ष र मितव्ययी ढंगले सम्पन्न गर्नु सरकारको उच्च प्राथमिकता रहेको उल्लेख गर्दै निर्वाचन सम्पन्न गर्न आयोगलाई आवश्यक स्रोत-साधन, जनशक्ति र शान्ति-सुरक्षाको भरपर्दो व्यवस्था मिलाइने जानकारी गराइन् । उनले निर्वाचनका लागि अनुकूल वातावरण बनाउन सरोकारवालासँग पृष्ठ २ मा

**लुटिएका...**

विषय अन्योल छ । गत आइतबार काभ्रे प्रहरीले ७ सय ३० राउन्ड गोलीसहित आठ जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ । जेन-जीको प्रदर्शनमा काठमाडौंसहित देशभर १ हजार ९ सय ६३ प्रहरी घाइते भएका थिए । सो आन्दोलनमा प्रहरी वृत्त महाराजगन्जमा कार्यरत प्रहरी सहायक निरीक्षक (असई) मिलन राय, वृत्त महाराजगन्जकै जवान उत्तम थापा र प्रहरी प्रभाग कोटेश्वरका सहायक हवल्दार अमृत गुरुङको मृत्यु भएको थियो । तीन मानवीय क्षति भएको प्रहरी संगठनमा अधिकांश प्रहरी कार्यालय भग्नावशेष बनेका थिए । ती कार्यालयलाई स्थानीय नागरिकको सहयोगमा मर्मतसम्भार र सरसफाइ गरेर सुरक्षाकर्मीलाई पुनर्स्थापना गरेका छन् ।

प्रदर्शनकारीले प्रहरीका भवनमा तोडफोड र आगजनी गर्नुका साथै गाडी जलाउने, लुट्नेसम्मका काम गरेका थिए । त्यस क्रममा देशभर नेपाल प्रहरीका करिब ५ सय चौकी ध्वस्त भएको प्रारम्भिक तथ्यांक थियो । नेपाल प्रहरी प्रधान कार्यालयका अनुसार देशभर करिब ५ सय प्रहरी कार्यालयमा तोडफोड र आगजनी भएकोमा १ सय ९७ प्रहरी कार्यालय पूर्ण क्षति भएका थिए । प्रहरीका युनिट आगजनी हुँदा केही हतियार जलेको अवस्थामा पनि फेला परेका छन् । केही थान हतियार जलेको अवस्थामा भेटिए पनि यकिन विवरण समितिले तयार गरिरहेको प्रवक्ता घिमिरेले बताए ।

जेनजी पुस्ताले गरेको प्रदर्शनमा भएको दमन र भोलिपल्टको आगजनी तथा तोडफोडको छानबिन गर्न सरकारले उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको छ । विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा गठित सो आयोगको सदस्यमा पूर्वएआइजी विज्ञानराज शर्मा र कानुनविद् विन्देश्वरी भण्डारी छन् । सो आयोगले घटनाको समग्र स्थितिको अध्ययन गरेर सरकारलाई प्रतिवेदन बुझाउनुपर्नेछ । सो आयोगले प्रदर्शनमा प्रहरीले गोली चलाएको देखि हतियार लुटिएको विषय महत्वका साथ लिएको छ । लुटिएका हतियार कसले र कसरी प्रयोग गर्छन् भन्ने विषय नागरिक सुरक्षामाथिको चुनौती रहेको सुरक्षा विज्ञले बताउँदै आएका छन् ।

**अख्तियारका...**

पदाधिकारीलगायत, संस्था र अन्य समेत गरी २ सय ९५ जना व्यक्ति रहेका छन् । अर्थात् आधाभन्दा धेरै प्रतिवादीमा कर्मचारी रहेका छन् । अख्तियारको नजरमा नेताभन्दा बढी कर्मचारी भ्रष्ट देखिँदा यसमा पनि माथिल्लो तहका कर्मचारी ज्यादा रहेका छन् । एक आर्थिक वर्षमा विशिष्ट श्रेणीका कर्मचारी एक जना र सहसचिव वा सोसरहका कर्मचारी २४ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दर्ता भएको छ । उपसचिव वा सोसरहका ५४ जना कर्मचारी र शाखा अधिकृत वा सोसरह १ सय ७२ जना, सहायकस्तरका १ सय ४१ जना कर्मचारीविरुद्ध भ्रष्टाचारको मुद्दा दर्ता भएको छ ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१/८२ मा प्राप्त ९ सय ४७ वटा उजुरीको विस्तृत अनुसन्धान सम्पन्न भएको छ । त्यसमध्ये १ सय ३७ वटा मुद्दा विशेष अदालतमा दायर भएको छ । मुद्दा दायर भएकोमध्ये भ्रष्टाचारजन्य कसुरमा १ सय ३५ वटा छ । दुईवटा मुद्दा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित छन् । भ्रष्टाचारजन्य कसुरमा दायर भएका मुद्दामध्ये ३७ वटा मुद्दा घुस रिसवतसम्बन्धी छन् । यो सबैभन्दा बढी हो । यसबाहेक गैरकानुनी लाभहानिसम्बन्धी ३५ वटा मुद्दा छ । झुटा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी २७ वटा, सार्वजनिक सम्पत्तिको हानिनोक्सानीसम्बन्धी २४ वटा मुद्दा छन् । गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी आठवटा र विविध विषयअन्तर्गत चारवटा मुद्दा छन् ।

आयोगले विशेष अदालतमा दायर गरेका मुद्दामध्ये ३ सय ९३ वटा फैसला भएको छ । ८७ वटा मुद्दामा पूर्ण र १ सय २० वटा मुद्दामा आंशिक गरी २ सय ७ वटा मुद्दामा कसुर कायम भएको छ ।

अख्तियारको ३५औं वार्षिक प्रतिवेदन राष्ट्रपति पौडेलसमक्ष पेस गर्न प्रमुख आयुक्त प्रेमकुमार राईसहितका अधिकारी राष्ट्रपतिको सरकारी निवास शीतल निवास महाराजगन्ज पुगेका थिए । त्यसक्रममा राष्ट्रपति पौडेलले लोकतन्त्रको जग जवाफदेहितासहितको शासन भएको बताए । देश विकासका लागि सुशासनको अपरिहार्य आवश्यकता रहने र स्थापित स्वतन्त्र संवैधानिक निकायले निर्दिष्ट जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न सकेमा जनविश्वास र लोकतन्त्रप्रतिको भरोसा अभिवृद्धि हुने विश्वास व्यक्त गरे ।

आयोगको ३५औं वार्षिक प्रतिवेदन पेस गर्दै गर्दै अख्तियारका प्रमुख आयुक्त राईले 'सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान र अभियोजन गर्ने कार्य गर्दै आएको' बताए । अख्तियारले सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा उल्लेख भएअनुसार 'भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्धनका लागि निरोधात्मक र प्रवर्धनात्मक कार्यसमेत सम्पादन गर्दै आएको' छ ।

**सुक्खा...**

भएर काठमाडौं आउन सकिनेछ ।मुग्लिन-नारायणगढ सडक अनिश्चितकालका लागि बन्द भएसँगै हेटौंडा-काठमाडौं आउजाउ (ठूला सवारीसाधन मात्र) गर्न कान्तिलोकपथ प्रयोग गर्न सकिनेछ ।

यसैगरी, चितवनबाट पोखरा जान ठुला तथा साना दुवै सवारी साधन बुटवल हुँदै पोखरा जान सकिने प्रशासनले जनाएको छ । यसैगरी चितवनबाट कालीगण्डकी करिडोरको बाटो (सानो गाडी मात्रै) गैंडाकोट हुँदै पाल्पारामपुर, भिमाद हुँदै तनहुँ निस्कन सकिनेछ । प्रशासनले मंगलबार साँझ एक सूचना जारी गर्दै यो सडक तत्काल खुल्न सक्ने सम्भावना नदेखिएकाले सो सडक प्रयोग गर्ने सवारीधनी, सवारीसँग सम्बन्धित संघसंस्था तथा यात्रुहरूलाई सम्बन्धित जिल्लाका स्थानीय प्रशासनसँग समन्वय गरी उपयुक्त वैकल्पिक मार्ग प्रयोग गर्न अनुरोध गरेको हो । यात्रा गर्नुपूर्व सडकको अवस्था बुझी यकिन गरेर मात्र यात्रा गर्न प्रशासनले आग्रह गरेको छ ।

**कामदार...**

गरिरहेको बताए । उनले भने, 'विगतमा पनि साउदी अरेबिया, युएई र मलेसियालगायतका मुलुकले आफ्नो राष्ट्रिय हितअनुसार सुरक्षाका प्रोटोकलहरूमा फेरबदल गर्दै आएका हुन् । अहिले पनि त्यस्तै भएको हो । विदेशी कामदार बिना उनीहरू पनि समस्यामा पर्ने अवस्था छ । त्यसैले उनीहरूले धेरै समय रोक्ने अवस्था छैन । हामी परिस्थितिलाई सहज बनाउन प्रयासरत छौं । कामदार र व्यवसायीहरू आत्तिनुपर्ने अवस्था छैन ।'

नेपालमा भएको अप्रत्यासित आन्दोलन पछि हाल युएई, कतार र मलेसियाले भिसा जारी गर्नुअघि केही कडाइ गरेका छन् । यसअघि ती मुलुकले श्रीलंका र बंगलादेशमा सत्ता परिवर्तन हुँदा सम्बन्धित मुलुकका कामदारको भिसा जारी गर्न केही समयका लागि रोकेका थिए । तर आन्तरिक अवस्था सामान्य हुनासाथ भिसा जारी गरेका थिए । नेपालमा नयाँ सरकार गठन भइसकेको र जनजीवन सहज भएको अवस्थामा त्यो सन्देश र समाचार तत्कालै नेपाली कामदारका प्रमुख श्रम गन्तव्य मुलुकमा पुग्ने भएकाले हालको अन्योल सकेसम्म छिटो अन्त्य हुने अपेक्षा गरिएको पनि महासचिव बस्नेतले बताए ।

कतिपय व्यवसायीले वैदेशिक रोजगार व्यवसायी हल्ला र अप्रमाणित समाचारको पछि लाग्नु भन्दा आफूले कामदार पठाउने मुलुकको रोजगारदाताहरूलाई नेपालको सुधारिँदै आएको शान्ति सुरक्षाको अवस्थाबारे जानकारी गराउने र कामदार छनोट गर्दा प्रहरी रिपोर्ट अनिवार्य गरेर चालचलन बुझेर पठाउने विषयमा रोजगारदाताहरूलाई विश्वासमा लिन पहल गर्नुपर्ने बताएका छन् ।

वैदेशिक रोजगार नेपालका लागि वर्तमान अवस्थामा अत्यन्तै महत्वपूर्ण मानिएको छ । वैदेशिक रोजगार विभागका अनुसार गत वर्ष ८ लाख ३९ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा गएका थिए । उनीहरूले १८ खर्ब बराबरको रेमिट्यान्स पठाएका थिए । नेपाली कामदारको भिसा प्रक्रियामा कठिनाइ उत्पन्न भए बेरोजगारी समस्या चुलिने र अर्थतन्त्रमा गम्भीर धक्का लाग्ने देखिएको छ ।

**ह्याकरबाट...**

दूतावासका अर्को एक कर्मचारीलाई पनि यस्तै कल आएकाले ठगी गर्ने गिरोह सक्रिय रहेको दूतावासको भनाइ छ । त्यस्तै केही दिनअघि एउटा भिल्ला भाडाको बहानामा पनि ठगीको घटना भएको दूतावासले जनाएको छ । भिल्ला भाडाको क्रममा ठगले ६ महिनाको भाडा दिन जोड गरेका थिए । त्यसक्रममा ठगले बैनाका रूपमा २ सय रियाल ठगेको देखिएको दूतावासले जनाएको छ । दूतावासले भनेको छ, 'ठगहरूबाट सबै जना सावधान रहन र यस्तै प्रकारका कुनै ठगीसम्बन्धी विषय भएमा दूतावास तथा रोयल ओमान प्रहरीलाई खबर गरिहाल्न अनुरोध छ ।'त्यस्तै ठगले कहिले चिट्ठा पऱ्यो भनेर त कहिले निःशुल्क तथा भारी छुट वा अविश्वसनीय अफरमा पनि झुक्याउने गरेको दूतावासले जनाएको छ ।

**पूर्वतयारीमा...**

निरन्तर परामर्श र सहकार्य गरिने बताउँदै आयोगलाई तयारीका सम्पूर्ण कार्य तत्काल अघि बढाउन आग्रह गरिन् । त्यस क्रममा आयोगको तर्फबाट कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने मतपेटिकासहितका सामग्री मौज्दातमा रहेको जानकारी दिँदै अभाव हुने सामग्री स्वदेशमै उत्पादित वस्तुलाई प्राथमिकता दिई प्रतिस्पर्धात्मक ढंगले खरिद गरिने बताए । उनले राजनीतिक दल, नागरिक समाज तथा सञ्चारजगतसहित सबै सरोकारवालासँग समन्वय गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए । साथै निर्वाचन सुरक्षाको भरपर्दो प्रबन्ध मिलाइदिन सरकारसँग आग्रह गर्दै आयोगलाई नेपाल सरकार, राजनीतिक दल र आमनागरिकको सहयोगका अपेक्षा रहने विश्वास व्यक्त गरेका छन् । छलफलमा अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा, मुख्य सचिव एकनारायण अर्याललगायत अधिकारीको उपस्थिति थियो । आयोगका तर्फबाट आयुक्त डा. जानकी तुलाधर र सगुन शमशेर जबरा तथा सचिव महादेव पन्थ सहभागी थिए ।

समयमा निर्वाचन गर्न सरकार सचेत रहेको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बताए । 'आगामी फागुन २१ गते हुने निर्वाचनमा सबैले भाग लिन पाउने वातावरण बनाउनु सरकारको प्रमुख दायित्व रहेको छ,' मन्त्री खरेलले भने, 'फागुन २१ गते शान्तिपूर्ण, स्वतन्त्र र धाँधलीरहित चुनाव गराउन वातावरण तयार गर्ने र निर्वाचन आयोगलाई जस्तो वातावरण चाहिन्छ, त्यो सरकारले मिलाइदिन्छ । सबैले चुनावमा भाग लिन सक्ने वातावरण तयार गर्ने सरकारको दायित्व हो, त्यसलाई सरकारले अर्जुनदृष्टिमा राखेको छ ।' आन्दोलनले उठाएका सुशासन, भ्रष्टाचार नियन्त्रण, विधिको शासन र चुस्त सार्वजनिक सेवा प्रवाहजस्ता माग रातारात पूरा नहुने भए पनि जनताले महसुस गर्नेगरी काम गर्ने सरकारका मन्त्रीहरूले बताएका छन् ।

# स्वास्थ्य संस्था सञ्चालक संघ गठन

**काठमाडौं/मस–** वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्दै आएका व्यवसायीहरूले स्वास्थ्य संस्था सञ्चालक संघ नेपाल गठन गरेका छन् ।



स्वास्थ्य व्यवसायी मदनकुमार पूर्वेको नेतृत्वमा उक्त संघ स्थापना भएको हो । संघको उपाध्यक्षमा रामहरी थापा, महासचिवमा रघुनाथ पनेरु, कोषाध्यक्षमा नैनाकुमारी तुम्बाहाम्फे तथा कार्यसमिति सदस्यहरूमा खिमराज अधिकारी, अञ्जली रोक्का, पुजा चौधरी, चुडामणि पुलामी र लक्ष्मीनारायण उपाध्याय रहेका छन् । संघको कार्यालय उद्घाटनका साथै व्यवसायीहरूले विजयादशमीको अवसरमा चियापान गरी शुभकामना आदानप्रदान गरेका छन् । कार्यक्रममा नेपाल स्वास्थ्य व्यवसायी महासंघका पूर्वउपाध्यक्ष तथा नेपाल मेडिकल व्यवसायी संघका पूर्वअध्यक्ष शम्शेर नेपालीले आफूले आबद्ध पहिलेका संस्थाहरूले व्यवसायीको हितमा काम गर्न नसकेको तथा विधान र प्रस्तावना अनुसार चल्न नसकेको बताए । उनले तत्कालीन मन्त्रीले दोहोरो मापदण्ड लागू गरेर व्यवसायीलाई अन्यायपूर्ण व्यवहार गरेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नयाँ नेतृत्व वैदेशिक रोजगार ऐनअनुसार चल्नुपर्ने भन्दै कामदारको स्वास्थ्य परीक्षण नियमन गर्न स्वास्थ्य मन्त्रालयमै पठाए उपयुक्त हुने जिकिर गरे ।

कार्यक्रममा उपस्थित व्यवसायीहरूलाई स्वागत गर्दै संस्थाका उपाध्यक्ष थापाले सिन्डिकेटको विरोध गरे । उनले व्यवसायीको हितमा काम गर्न नयाँ संस्थाको जन्म भएको हुँदा व्यवसायीलाई ढुक्क भएर काम गर्न आग्रह गरे । व्यवसायी सोमराज लिम्बू, नुरपति भण्डारीलगायतले सि ग्रेडमा उपलब्ध उपकरण र औजारबाट वैदेशिक रोजगारमा जाने कामदारको स्वस्थ्य परीक्षण गर्न सबै स्वस्थ्य संस्थालाई आग्रह गरे । संस्थाका अध्यक्ष मदनकुमार पूर्वेको अध्यक्षतामा भएको कार्यक्रम खिमराज अधिकारीले सञ्चालन गरेका थिए ।



## Shivasatakshi Municipality
## Office of the Municipal Executive
### Koshi Province, Jhapa

## Invitation for Online Quotations

**Date of 2nd publication: 2082/06/08 (24-Sep-2025)**

Shivasatakshi Municipality invites online quotations for the Following Procurement as specified in Procurement Act 2063 and Regulation 2064.

| Contract Number | Description of Work | Bid doc Fee | Bid Validity Period | Minimum Bid Security Amount | Bid Security Validity Period | Deadline for Submission Of Bid | Opening Of Bid |
|---|---|---|---|---|---|---|---|
| 01/SM/SQ/ Goods/ 2082/083 | Deployment of a Dedicated Internet Uplink and Establishment of Fiber Network Nodes between Shivasatakshi Municipality and its Branch Offices with Server Management, Configuration and Maintainance | Nrs 1000 | 45 days After Bid opening | Nrs 43,500 | 30 days Beyond Validity of Bid | 09- Oct-2025 12:00 Hours | 09-Oct-2025 14:00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**

**Name of the Bank** : Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch
**Name of Office** : Shivasatakshi Municipality
Office Account no. : **29601400000017**

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**FOR CHIEF ADMINISTRATIVE OFFICER**

## Sanibheri Rural Municipality
## Office of the Rural Municipal Executive
### Simli, Rukum (West Part)
### Karnali Province, Nepal

## Invitation For Sealed Quotation

**Date of Publication:- 2082/06/08 (24- Sep-2025 )**

Sanibheri Rural Municipality, Office Of The Rural Municipal Executive, Simli, Rukum(West part) invites bid for eligible suppliers for the following works

| S. N. | Contract Identification Number | Description of Works | Bid Validity Period | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Bond Amount (NRs) | Non-Refoundable fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | SQ/SRM/ GOODS/12/2082/083 | Procurement of Veterinary Medicines And Surgical Item Sanibheri Rural Municipality Rukum (west) | 45 Days | 1014477 | 30000 | 1000 | |

| | |
|---|---|
| Last date and time of Sealed Quotation Submission | 2082/06/23 ( 09-Oct-2025 ) (upto 12:00 Noon) |
| Date,Time and place of Sealed Quotation Opening | 2082/06/23 ( 09-Oct-2025 ) (At 13:00 Noon) PM, At the office of Sanibheri Rural Municipality Simli Rukum(west part) |
| Bid Security Validity Period | 30 Days beyond bid vality period or 75 days |
| Account No. for sealed quotation Purchase | Laxmi Sunrise Bank Limited, Simli, Rukum(West part), AC Name:Sanibheri Rural Municipality Rajaswa khata A/C No.: 0770530787703009 Rajaswa |
| Account No. for bid Security Deposit | Sunrise Bank Limited, Simli, Rukum(West), AC Name:Sanibheri Rural Municipality Dharauti Khata A/C No.: 0770530787703004 Dharauti |

1. Bidders shall submit their Bids e-copy only, For e-bidding via's PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Sanibheri Rural Municipality Office, Simli, Rukum(West). Contact No.:9857824253
2. If the last Date of Submission and Opening Falls on a Govermental Holiday then next working day shall be considered as the last day.

**Chief Administrative Officer**

तीन सचिव सरुवा

# गृहसचिव दुवाडी हटाइए, दंगाललाई जिम्मेवारी



**काठमाडौं/मस–** सरकारले तीन जना सचिवहरुको सरुवा गरेको छ। सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले रक्षा, गृह र योजना आयोगका सचिवहरूको जिम्मेवारी हेरफेर गरेको हो।

बैठकले रक्षा मन्त्रालयका सचिव रामेश्वर दंगाललाई गृहसचिवको जिम्मेवारी तोकेको छ। दंगाललाई जिम्मेवारी दिइएसँगै हालका गृहसचिव गोकर्णमणि दुवाडीलाई राष्ट्रिय योजना आयोगको सचिवालयमा सरुवा गरिएको छ। दुवाडीमाथि हालैको जेन-जी आन्दोलन दमनमा भूमिका खेलेको भन्दै छानबिनको माग समेत उठिरहेको थियो।

त्यसअघि भिजिट भिसा प्रकरणमा उनको नाम मुछिए पनि उनी उन्मुक्ति पाएका थिए। आगामी मंसिर १० मा उनको ५ वर्षे कार्यकाल पूरा हुँदैछ र त्यसपछि उनी अनिवार्य अवकाशमा जानेछन्। यस्तै, राष्ट्रिय योजना आयोगका सचिव सुमनराज अर्याललाई रक्षा मन्त्रालयको सचिवको जिम्मेवारी दिइएको छ।

# ५० हजार रुपैयाँ बढीका म्याद नाघेका सामग्री बरामद

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, ७ असोज



रुकुमपूर्वको सिस्ने गाउँपालिका-५ मा म्याद गुज्रिएका खाद्यान्न, पेयपदार्थ, मसला तथा किराना सामग्री बरामद गरिएको छ।

जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा मंगलबार गरिएको बजार अनुगमनका क्रममा ५१ हजार १८ रुपैयाँबराबरको सामान बरामद भएको हो। अनुगमन टोलीले वडा नं. ५ भित्रका किराना पसल तथा खाद्यान्न पसलहरूमा पुगेपछि ठुलो मात्रामा म्याद गुज्रिएका चामल, बालबालिकाले खाने चकलेट, सुर्तीजन्य वस्तु, पेयपदार्थ तथा विभिन्न मसला भेट्टाएको थियो।

अनुगमनका क्रममा कतिपय व्यवसायीहरूले व्यापार दर्ता नगरी पसल सञ्चालन गरेको, अनुगमन टोली देख्नेबित्तिकै पसल बन्द गरेर भाग्ने प्रयास गरेको, बहाना बनाइ पन्छिन खोजेको तथा नवीकरण नगरी व्यवसाय सञ्चालन गरेको पाइएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी तथा अनुगमन समिति संयोजक जीवनकुमार खड्काका अनुसार चाडपर्व नजिकिँदै गर्दा कालोबजारी र गुणस्तरहीन सामानको बिक्री बढ्ने भएकाले बजार अनुगमनलाई कडाइ गरिएको हो।

अनुगमन टोलीमा सिस्ने गाउँपालिकाका उपाध्यक्ष गोपाल रेउले, घरेलु तथा साना उद्योग कार्यालय रुकुमपूर्वका प्रमुख भोला प्रसाद शर्मा, राष्ट्रिय अनुसन्धान कार्यालयका सहायक अधिकृत नारायण खड्का, जिल्ला प्रशासन कार्यालयका खरिदार टुकेन्द्र पुन मगर र वीरबहादुर चलाउने, उद्योग वाणिज्य संघका सचिव चेतकुमार बीसी, नेपाल पत्रकार महासंघ रुकुमपूर्वका सचिव निराजन सिर्पाली, जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक हरि बिष्ट, नगर प्रहरी र अन्य प्रतिनिधिहरू सहभागी थिए।

अनुगमन टोलीले व्यवसायीलाई गुणस्तरीय तथा म्यादभित्रका सामान मात्र बिक्री गर्न आग्रह गरेको छ। उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखी व्यवसाय सञ्चालन गर्नुपर्नेमा जोड दिँदै, तोकिएको मापदण्डअनुसार व्यवसाय दर्ता, नवीकरण र म्याद व्यवस्थापन नगर्नेहरूमाथि कानुनी कारबाही हुने चेतावनी दिइएको छ।


## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल**

**खरिद कार्य रद्द गरिएको सूचना**

**प्रकाशित सूचना मिति : २०८२/०६/०८**

यस कार्यालयबाट मिति २०८२/०४/१८ गते प्रथम पटक सूचना प्रकाशित गरी मूल्यांकनको चरणमा रहेका ठेक्का नं NBC/BM/GOODS/01/02/03/082/083 मसलन्द तथा स्टेशनरी छपाई र कम्प्युटर पार्टस लगाएत अन्य ईलेट्रोनिक्स मालसामानको ठेक्काका फायलहरू जेनजीको आन्दोलनको क्रममा भवनमा तोडफोड र आगजनी गर्दा जलेको च्यातिएको छरपट भएको र पानीमा भिजी वास्तविक मूल्याङ्कन गर्न नसकिने भएकोले यस कार्यलयको मिति २०८२/०६/०२ गते को निर्णयअनुसार उक्त खरिद कार्य सम्बन्धिको ठेक्को फायलहरु रद्ध गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रमुख प्रसाशकीय अधिकृत**
**वीरेन्द्रनगर नगरपालिका सुर्खेत**



## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

रत्नाकर शाक्यको नातिनी, चन्द्रकर शाक्यको छोरी, काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २२ बस्ने, यस बैंकको न्यूरोड शाखा कार्यालयको खातावाला पुर्ण लक्ष्मी शाक्यको मिति २०८१/०७/२५ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमान प्रेमधर शाक्यले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०६/०८**

**गामवेशी थकाली किचेन एण्ड तन्दुरी स्टेशन प्रा.लि** को मिति २०८२/०४/२३ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गामवेशी थकाली किचेन एण्ड रेस्टुरेन्ट प्रा.लि. (प्रा.लि नं. ७७८४५)** कायम गर्ने गरी मिति २०८२/०५/०३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रागेचौर, सल्यान**
**कर्णाली प्रदेश, नेपाल**

**नदीजन्य पदार्थ : दुङ्गा, गिट्टी, बालुवा आदि**
**उत्खनन तथा बिक्रि बिवरण सम्बन्धी बोलपत्रको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०६/०८ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ (६) दफा ६४ को उपदफा १ को च बमोजिम र यस कार्यालयको निर्णयानुसार यस गाउँपालिकाको IEE (आई.ई.ई.) प्रतिवेदनमा उल्लेखित नदीहरुको स्वीकृत घाँटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य सामग्री उत्खनन गरी गाउँपालिकाले तोकेको परिमाण बिक्रि गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको चालु आ.व. को नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धिकर (VAT) दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र वा करचुक्ताको म्याद थपको प्रमाणपत्र संलग्न गरी तथा तोकिएको न्यूनतम अंकमा नघट्ने गरी तोकिए बमोजिमको शर्तहरुको अधिनमा रहि अनलाईन www.bolpatra.gov.np माध्यमबाट मिति २०८२/०६/०२३ गते दिउँसो १२:०० बजे भित्र बोलपत्र दर्ता (submission) गर्न ईच्छुक सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरियको छ।

| क्र. स. | बोलपत्र नं. | बोलपत्रको नाम तथा विवरण | उत्खनन परिमाण (घ.फि) | कुल न्यूनतम कबोल अंक (मु.अ.कर तथा अन्य कर बाहेक) | दरभाउपत्र दस्तुर रु. | धरौटी दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | KRM-NCB-Goods-01-2082/083 | बास खोला घाट, घाटाचौर घाट क्षेत्रको नदीजन्य प्रदार्थ को उत्खनन तथा बिक्री वितरण | ४,५९,२०४.४८ | २२,९६,०२२.४० | ३,००० | कबोल अंकको ५ प्रतिशत |
| २. | KRM-NCB-Goods-02-2082/083 | कैनकाडाखोला, स्यानिपिप्लि खोला, सेतिकम खोला, शान्तिबजार क्षेत्र, मोरामुखघाट, ढाडेखोला खोलामुख घाट क्षेत्रको नदीजन्य पदार्थको उत्खनन तथा बिक्री वितरण | ५,१४,४९५.३० | २५,७२,४७६.५० | ३,००० | कबोल अंकको ५ प्रतिशत |

**प्रमुख प्रशासकीय अधिकृत**



## मलेसियामा रोजगार
कम्पनी : PASARAYA BS BUKIT GOHSDN BHD — शहर : Malaysia
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ — चलानी नं.: ६०२४५२४५ — LT. No.: 331565

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O. | 8 | 0 | स. काममा दक्ष | 1700 | ५७,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PASARAYA BS TANJUNG GEMUK SDN BHD — शहर : Malaysia
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ — चलानी नं.: ६०२४५२४६ — LT. No.: 331566

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O. | 14 | 0 | स. काममा दक्ष | 1700 | ५७,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १५ गते (1 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

OMEGA POWER MINDS PVT.LTD. Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com



## कतारमा रोजगार
कम्पनीः DIET ART RESTAURANT — शहरः Qatar
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ — चलानी नं.: ६०२४५२४० — L.T. No.: 331470

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५८,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 2000 | ७७,३८० | | | | | | | |
| 3. | GENERAL CLEAN WORKER | 1 | 0 | | 1000 | ३८,६९० | | | | | | | |
| 4. | Juice Makers | 1 | 0 | | 1300 | ५०,२९७ | | | | | | | |
| 5. | Labourer | 2 | 0 | | 1000 | ३८,६९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ असोज १९ गते (5 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

GLOBAL RECRUIT EXPERTS — STREAMLINING YOUR SUCCESS
Tara Hall, Sinmangal-09, Kathmandu, Bagmati Province, Nepal
Contact - 977-01-5922562, 9841545886, Email : info@globalrecruitexperts.com



## मलेसियामा रोजगार
कम्पनी : EXPERT SECURITY SERVICES SDN BHD — शहर : JALAN
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ — चलानी नं.: ६०२४५२४१ — L.T. No.: 331570

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ५७,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZAFRAN SECURITY SERVICES SDN BHD — शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ — चलानी नं.: ६०२४५२४२ — L.T. No.: 331569

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ५७,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १५ गते (1 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

रसुवा ओभरसिज प्रा. लि.
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ५९०६४३९
श्रम इजाजत नं. ११३०/०७३/०७४
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com, Web.: www.rasuwaoverseas.com
Contact Details: 01-5906448/5906439, Dinesh 9851354485, Dawa 9742546470, Suresh 9840557986, Sunil 9860077994, Raju 9803193977



## SAUDI मा रोजगार
Regal Metal Works Factory
पूर्व स्वीकृती मितिः २०८२/६/७ — चलानी नं. : ६०२४५२०३ — LT No.: 331442

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Duty Truck Driver | 2 | 0 | कामको दक्ष | 1900 | ४६,१७५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ असोज १५ गते (1 Oct., 2025) यस प्रा. लि. को कार्यालय बालकुमारी, ललितपुरमा हुनेछ।

डायना ओभरसिज प्रा. लि. — DIANA OVERSEAS
श्रम इजाजत पत्र नं :४०८/०६०/०६१
बालकुमारी, ललितपुर, फोनः ५९१८६३८४, ५९१८६३८५, ५९१८६३२८, ५९१८६४२९



## Kuwait रोजगार
Al Muntaha Real Estate & Construction Co.
पूर्व स्वीकृती मितिः २०८२/०६/०७ — चलानी नं. ६०२४५१९४ — LT No.: 331443

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Driver | 2 | 0 | कामको दक्ष | 150 | ६९,२४८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Labour | 44 | 0 | | 120 | ५५,४००।- | | | | | | | |

Luluwat Almaghrib Food Catering Est. पूर्व स्वीकृती मितिः २०८२/०६/०३ — चलानी नं. ६०२४५१९५ — LT No.: 331300

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cook (Female) | 0 | 2 | कामको दक्ष | 150 | ६९,२४८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Cook/Chef | 2 | 0 | | 150 | ६९,२४८।- | | | | | | | |
| ३. | Driver | 1 | 0 | | 150 | ६९,२४८।- | | | | | | | |

अन्तरवार्ता २०८२ असोज २० गते (6 Oct., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL: gulfstaroverseas.com



## कुवेतमा रोजगार
कम्पनीः QKLEEN COMPANY FOR BUILDING & ROADS CLEANING CONTRACTING — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ — चलानी नं.: ६०२४५२३१ — LT. No.: 331489

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६५,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Indoor Cleaners | 19 | 4 | | 85 | ३५,३०१ | | | | | | | |

कम्पनीः GOLDEN CUBE COMPANY BUILDING CONSTRUCTION — शहर : KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ — चलानी नं.: ६०२४५२३२ — LT. No.: 331488

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 10 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६५,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason For Tile / Marble | 18 | 0 | | 85 | ३५,३०१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १५ गते (1 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

निलकमल ह्युमन रिसोर्स प्रा. लि. Gov. lic. No. 793/065/66
Sinamangal -9, Prakash Sanyas Asram Marg airport kathmandu
फोनः ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9823614160, 9823325539, 9801117416
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Branch- Chitwan 056598203 | Birtamode 023591044 | Nepalgunj 9823986857, Rautahat 984-0708582



## कतारमा रोजगार
कम्पनीः STAR ZINKER RESTAURANT — शहरः Doha
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ — चलानी नं.: ६०२४५२३० — LT. No.: 331539

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५४,१६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Juice Makers | 1 | 0 | | 1400 | ५४,१६६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १५ गते (1 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

PRATIK HUMAN RESOURCE PVT. LTD. श्रम इजाजत नं. १५४१/०७८/०७९
Sinamangal - 9, Kathmandu, Nepal -Tel: 977-01-5913092, 9813467879, 9810171570
Email: pratikhumanr@gmail.com, Web.: www.pratikhumanresource.com



## मलेसियामा रोजगार
कम्पनीः GUARDIAN HEALTH AND BEAUTY SDN BHD — शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ — चलानी नं.: ६०२४५२३३ — L.T. No.: 331576

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/P.O. | 70 | 0 | स. काममा दक्ष | 1700 | ५७,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १५ गते (1 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Saptakoshi Human Resource Pvt. Ltd. — SHR Est. 2010
Tilganga-9, Kathmandu Tel: +977- 01-4583525/4583524, Email: info@saptakoshihr.com
Gov. Lic No. 884/067/068



## मलेसियामा रोजगार
कम्पनीः CRYSTAL PROTECTION SDN BHD — शहर : JALAN
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ — चलानी नं.: ६०२४५२३८ — LT. No.: 331572

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 100 | 0 | स. काममा दक्ष | 1700 | ५७,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १५ गते (1 October 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

TILICHO OVERSEASE PVT.LTD. Gov. Lic No. 1234/074/075
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9851097971
Email : tilichooverseas@gmail.com

सम्पादकीय

## अख्तियारको प्रतिवेदनले उब्जाएको प्रश्न

अख्तियार अनुसन्धान आयोगले भर्खरै आफ्नो वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ । सो प्रतिवेदनले अहिले भइरहेका अनियमितता र भ्रष्टाचारको प्रवृत्ति देखाएको छ । एक वर्षमा आयोगमा झन्डै ३७ हजार उजुरी दर्ता भए । तीमध्ये एक तिहाइ अनलाइनमार्फत र अन्य लिखित निवेदन, इमेल, हुलाक सेवा, टेलिफोन, सामाजिक सञ्जाललगायतका माध्यमहरूबाट आएका थिए । उजुरीमध्ये धेरै स्थानीय तहका निकाय वा पदाधिकारीसँग सम्बद्ध छन् । बागमती प्रदेशमा मात्र संघीय निकाय वा पदाधिकारी जोडिएका अनियमितताका उजुरी परेको आयोगको प्रतिवेदनले देखाउँछ । समग्रमा धेरै उजुरी पर्ने प्रदेशमा पनि बागमती पर्छ । कर्णाली र सुदूरपश्चिममा प्रदेश सरकारका निकाय र पदाधिकारीविरूद्ध धेरै उजुरी परेको छ भने गण्डकीमा सबैभन्दा कम अर्थात् ७ प्रतिशत मात्र उजुरी परेका छन् । अख्तियारमा परेकामध्ये भ्रष्टाचार र अनियमितताका सबैभन्दा धेरै अर्थात् ५४ प्रतिशत उजुरी स्थानीय तहसम्बद्ध छन् । संघीय सरकारका कर्मचारी र निकायविरूद्ध ३४ प्रतिशत र प्रदेश सरकारसम्बद्ध १२ प्रतिशत उजुरी परेको प्रतिवेदनले देखाउँछ । यसले स्थानीय सरकारको सुशासनमाथि प्रश्न उठाएको छ । पारदर्शिताको खाँचो औंल्याएको छ । संघ सरकारसम्बद्ध उजुरीमध्ये भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै छन् । प्रदेशहरूमध्ये सबैभन्दा धेरै मधेससम्बद्ध र कम गण्डकीबाट उजुरी परेको देखिन्छ । ६ प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी धेरै छन् भने मधेसमा भौतिक पूर्वाधार तथा यातायात क्षेत्रसँग सम्बन्धित उजुरी बढी छन् । एक वर्षको अवधिमा आयोगले विभिन्न भ्रष्टाचारजन्य कसुरमा १ सय ३५ वटा र सम्पत्ति शुद्धीकरण कसुरमा दुईवटा मुद्दा विशेष अदालतमा दायर गरेको छ । त्यसले उजुरी धेरै पनि पनि अनुसन्धानको गति भने निकै सुस्त देखिएको छ । दायर भएका मुद्दामा धेरै घुस रिसवतसँग सम्बन्धित छन् भने त्यसपछि क्रमशः गैरकानुनी लाभ हानि, नक्कली शैक्षिक प्रमाणपत्र, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी, गैरकानुनी सम्पत्ति आर्जनलगायतका मुद्दा छन् । अख्तियारले भ्रष्टाचार ठहर गरेका प्रतिवादीमध्ये सबैभन्दा धेरै कर्मचारी छन् भने त्यसपछि जनप्रतिनिधिहरू, राजनीतिक नियुक्ति प्राप्त व्यक्ति, विभिन्न उपभोक्ता तथा व्यवस्थापन समितिका पदाधिकारीलगायत देखिन्छन् । आयोगको प्रतिवेदनमा भ्रष्टाचारका जेजस्ता प्रवृत्ति, क्षेत्र र निकाय औंल्याएको छ, ती क्षेत्रमा कडाइका साथ सुशासन र पारदर्शिताको पहल गर्नु जरूरी छ । भर्खरै युवाहरूले भ्रष्टाचारविरूद्ध ठुलो विद्रोह गरेका छन् । सोही आन्दोलनले सरकार नै ढालेको छ । भ्रष्टाचारका कारण हाम्रो अन्तर्राष्ट्रिय छविसमेत धुमिल पारेको छ । भ्रष्टाचारविरूद्ध शून्य सहनशिलता अपनाएर मुलुकलाई सुशासनको बाटोमा फर्काउनुको विकल्प छैन ।

# युवाहरूको असन्तुष्टि र व्यवस्था

*युवाहरूको आवाज सुन्ने आदत नेतृत्वमा बस्नेहरूमा हुनुपर्छ । जब नेतृत्वकर्ता आवाज नसुन्ने हुन्छन्, तब सडक बोल्न थाल्छ । यो अवस्था आउन नदिन पहिला नै संवेदनशीलता अपनाउनुपर्छ ।*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

आजको युगमा जब कुनै क्याम्पसको चोक, कुनै चिया पसल वा अनलाइन बहस चलिरहेको हुन्छ, त्यहाँ एउटा साझा स्वर गुन्जिन्छ- यो व्यवस्था ठिक छैन, यो भ्रष्टहरूको शासन हो, यहाँ अन्याय मात्रै छ। यस्तो असन्तुष्टि विशेषगरी युवाबीच बढी सुनिन्छ । प्रश्न उठ्छ- किन युवा व्यवस्थाप्रति असन्तुष्ट छन् ? के यो निरर्थक आलोचना मात्र हो, कि यसको पछाडि गहिरो पीडा, अपेक्षा र सम्भावनाको आवाज लुकेको छ ?

यदि कुनै पनि मुलुकको युवा शक्ति व्यवस्थाप्रति सन्तुष्ट छैन भने त्यसले राम्रो सन्देश दिँदैन। त्यसले विद्रोहको चेतावनी दिन्छ। 'पानीको थोपा थोपा मिलेर सागर बन्छ' भनेझैं, यदि युवाहरूको असन्तुष्टिलाई सम्बोधन गरिएन भने त्यसले व्यवस्थालाई नै बगाएर लैजाने जोखिम बढाउँछ। यतिबेला नेपालमा देखिएको अवस्था पनि त्यही हो । लामो समयदेखि शासक वर्गले व्यवस्थालाई बेवास्ता गर्दा नै आक्रोश बढेको हो ।

हाम्रा युवा शिक्षित छन्, प्रविधिसँग अपडेट छन्, विश्वको हरेक कुनाको समाचार एक क्लिकमै बुझ्न सक्छन् । उनीहरू देख्छन्- अरू देशका युवाहरूले कसरी नवप्रवर्तन गर्दै छन्, उद्यमशीलतामा लागेका छन्, समाजमा प्रभाव पारिरहेका छन् । उनीहरू आफ्नै देशमा त्यही कुरा गर्ने सपना देख्छन् । तर जब उनीहरूले यथार्थमा कदम चाल्न खोज्छन्, तब उनीहरू ठोक्किन्छन् अनावश्यक कागजी झमेलामा, गैरजिम्मेवार निकायमा, अपारदर्शी निर्णयमा र बिचौलियाको चलखेलमा। त्यसैले त उनीहरू प्रश्न गर्छन्- यो व्यवस्था कसका लागि ?

सबैभन्दा डरलाग्दो कुरा के छ भने, यस प्रश्नको जवाफ दिन तयार कोही छैन । शासन सत्तामा हालिमुहाली गर्नेहरू युवाको असन्तुष्टिलाई व्यर्थको भनी मजाक उडाउँछन् । यस्ता जवाफ युवाहरूका लागि औषधी होइन, थप घाउको कारण बन्छन् । साँच्चै, युवाहरूले त बास मागेका छैनन्, केवल बाँच्न मागेका छन् । तर जब राज्यले उनीहरूको बाँच्न पाउने अधिकारमाथि नै आँच पुऱ्याउँछ तब उनीहरू भन्छन्- हामी यो व्यवस्था स्विकार्दैनौं, यो हाम्रा लागि होइन ।

यसरी हेर्दा, युवाहरूको असन्तुष्टि व्यवस्थाविरुद्धको कुनै अविवेकी विद्रोह होइन । त्यो चेतनशील आक्रोश हो, जुन परिवर्तनको खोजीमा उठेको आवाज हो । इतिहासले देखाएको छ- जहाँ व्यवस्था बहिर्मुखी भयो, त्यहाँ क्रान्ति सम्भव भयो । फ्रान्सको क्रान्ति होस् या नेपालको २०६२/६३ को जनआन्दोलन- युवा शक्ति नै परिवर्तनको मूल थालनीकर्ता बन्न पुगे ।

आजको असन्तुष्टि पनि त्यही लहर हो । जब युवाहरू बिदेसिन बाध्य हुन्छन्, आफ्नै देशमा अवसर नपाउँदा 'ब्रेन ड्रेन' बढ्छ, तब त्यसले केवल व्यक्तिगत भविष्य गुमाउँदैन, समष्टिगत विकासको बाटो नै बन्द गर्छ । एक युवा जब विदेशमा जान्छ र भन्छ, 'म यही काम नेपालमै गर्न चाहन्थें तर व्यवस्था नै थिएन' तब त्यो केवल भावनात्मक कुरा होइन, त्यो व्यवस्थाप्रतिको गम्भीर संकेत हो ।

अब प्रश्न उठ्छ- के यो असन्तुष्टिको कुनै समाधान छैन ? अवश्य छ। तर, त्यसका लागि व्यवस्थाले लचकता देखाउनुपर्छ। सबैभन्दा पहिला, पारदर्शिता अनिवार्य छ। जब निर्णय प्रक्रिया खुला हुन्छ, जब नीति निर्माणमा युवाहरूको सहभागिता सुनिश्चित गरिन्छ, तब उनीहरूले आफ्नो आवाजलाई प्रतिनिधित्व भएको महसुस गर्छन् ।



अर्को उपाय हो- रोजगारमुखी शिक्षा नीति । अहिलेको शिक्षाले ज्ञान त दिन्छ तर सिप दिँदैन । जब शिक्षा बजारका लागि हुँदैन, तब त्यसको उपादेहिता पनि सकिन्छ । सरकारले प्राविधिक शिक्षा, उद्यमशीलताको प्रोत्साहन र स्टार्टअपमैत्री वातावरण सिर्जना गर्नुपर्छ। यस्तै, युवा अनुकूल ऋण योजना, कृषि र प्रविधि क्षेत्रमा नवप्रवर्तनलाई प्राथमिकता दिएर युवाहरूलाई देशमै अवसर खोज्न उत्प्रेरणा दिनुपर्छ।

सबैभन्दा गम्भीर कुरा, युवाहरूको आवाज सुन्ने आदत नेतृत्वमा बस्नेहरूमा हुनुपर्छ। जब नेतृत्वकर्ता आवाज नसुन्ने हुन्छन्, तब सडक बोल्न थाल्छ । यो अवस्था आउन नदिन पहिला नै संवेदनशीलता अपनाउनुपर्छ । आजको असन्तुष्टि सम्बोधन गरिएन भने, भोलिको आन्दोलन रोक्न सकिँदैन ।

नेपाली गाउँघरको उखान छ- साँढे डोऱ्याउने बेलामा घाँस नदिए, त्यसले जवाफ दिन्छ ? हो, युवाहरू देशका साँढेजस्तै हुन्- शक्तिशाली, उत्पादनशील र परिवर्तनशील । तर तिनीहरूलाई समयमै 'घाँस' नदिइयो भने, अर्थात् अवसर, न्याय र विश्वास दिइएन

*युवाहरूको असन्तुष्टि व्यवस्थाविरूद्धको कुनै अविवेकी विद्रोह होइन । त्यो चेतनशील आक्रोश हो, जुन परिवर्तनको खोजीमा उठेको आवाज हो । इतिहासले देखाएको छ- जहाँ व्यवस्था बहिर्मुखी भयो, त्यहाँ क्रान्ति सम्भव भयो ।*

भने उनीहरूले व्यवस्था नै उखेलिदिन्छन् । त्यो बेलामा पछुताउनुको कुनै अर्थ रहँदैन ।

हिजोको परिवर्तनमा पनि युवाहरू अगुवा थिए, आजको परिवर्तनको मागमा पनि उनीहरू अगुवाइ गर्दै छन् । व्यवस्थाले यदि समयमै यो आवाज सुन्दैन, यदि युवाहरूलाई देशमै टिकाउने वातावरण निर्माण गर्दैन भने केवल असन्तुष्टि होइन, त्यसले व्यवस्था नै संकटमा पार्नेछ। अन्त्यमा, युवाहरूको प्रश्न व्यवस्थाविरुद्धको विद्रोह होइन- त्यो व्यवस्था सुधारको आग्रह हो । त्यो आग्रहलाई व्यवस्थाले सुन्न जरुरी छ। नत्र भने प्रश्नहरूको यो लहर, एक दिन ठुलो आँधी बन्नेछ। आँधीले घरको छाना मात्रै होइन, पूरै संरचना नै उडाइदिन्छ।

त्यसैले, व्यवस्थामाथि सधैं प्रश्न किन उठ्छ ? उत्तर स्पष्ट छ- जब व्यवस्था मौन हुन्छ, जब जनताको चिच्याहटलाई बेवास्ता गरिन्छ, तब प्रश्नहरू जनताको अस्त्र बन्दछन् । आजको युवाले प्रश्न गरिरहेकै छ- तर त्यो प्रश्नको जवाफ दिन राज्य तयार छैन भने भोलिको उत्तरदायित्व कसले लिने ? वास्तवमा, व्यवस्थाले प्रश्नहरूलाई दबाउने होइन, सम्बोधन गर्ने प्रयत्न गर्नुपर्छ। किनकि आजको एक इमानदार जवाफ, भोलिको एउटा ठुलो आन्दोलन टार्ने शक्ति बन्न सक्छ ।

युवाहरू व्यवस्थासँग टकराउन चाहँदैनन्, उनीहरू व्यवस्थाभित्रै आफ्नो भविष्य देख्न चाहन्छन् । यदि व्यवस्था त्यो भरोसा दिन सक्दैन भने, प्रश्नहरू अवश्य बर्सिरहनेछन्, र एक दिन त्यो प्रश्न आँधी बन्नेछ । उसैमा बग्न नपरोस् ।

## इतिहासमा आज

२४ सेप्टेम्बर २०१५ मा साउदी अरेबियामा हजको क्रममा भागदौड हुँदा एक हजार एक सय जनाको मृत्यु भएको थियो भने नौ सय ३४ जना घाइते भएका थिए ।



२४ सेप्टेम्बर १९९६ मा संयुक्त राष्ट्र संघमा ७१ राष्ट्रका प्रतिनिधिहरूले व्यापक आणविक परीक्षण-प्रतिबन्ध सन्धिमा हस्ताक्षर गरेका थिए ।



२४ सेप्टेम्बर २००७ मा बर्माको याङ्गुनमा एक लाख मानिसहरूले सरकार विरोधी प्रदर्शनमा भाग लिएका थिए । जुन बर्माको २० वर्षको इतिहासमा सबैभन्दा ठूलो प्रदर्शन थियो ।



२४ सेप्टेम्बर १९५९ मा फ्रान्सको नोभेल-अक्विटेनको बोर्डोमा रहेको बोर्डो-मेरिग्नाक विमानस्थलबाट उडान भर्ने क्रममा टिआइए उडान ३०७ दुर्घटनाग्रस्त भएको थियो । जसमा ५५ जनाको मृत्यु भएको थियो ।



## सामाजिक सञ्जाल



मुमाराम खनाल

'जेनजी' विद्रोहपछि सबै दलहरूमा कुनै न कुनै प्रकारको हलचल देख्छु । तर यो एमाले भन्ने पार्टीको राजनीतिक छवि केपी शर्मा ओलीले सकाएकै रहेछन् । कुनै हलचल, गति र मति छैन । अझ पार्टीका सबैभन्दा बदनाम पात्र नै गुन्डा शैलीको अभद्र प्रतिरक्षामा छन् । लाञ्छित ओली उनकै शरणमा छन् । लज्जा शरणम् !

नेपाल विद्युत् प्राधिकरणका हितेन्द्र शाक्य एक योग्य र दक्ष प्राविधिक मात्र होइन, कुशल व्यवस्थापक पनि हुन् । उनको बर्खास्तीमा सरकारले पूर्वाग्रह देखाएको छ । पुरानो राजनीतिक शैलीभन्दा फरक अपेक्षा गरिएको सरकारको यो निर्णय वाञ्छनीय देखिँदैन ।



सूर्यराज आचार्य



मधुरमण आचार्य

मन्त्रीहरूसँग कुनै जादुको छडी हुन्न ता कि छुमन्तर गरेर थाँती रहेका जटिल समस्या फ्याट्टै समाधान गरिदिऊन् । कुनै पनि समस्या उनीहरूले भन्नेबित्तिकै समाधान गर्न सक्दैनन् । समय लाग्छ काम गर्न दिनुपर्छ। प्रयास गरे कि गरेनन् भनेर खबरदारी त गर्नुपर्छ। तर धैर्य पनि गर्नुपर्छ !

महामन्त्रीद्वयलाई पार्टी फुटाउन सल्लाह दिनेको संस्थापनविरुद्धको आक्रोश जायज छ । तर, नेपाली मनोविज्ञान अझै पनि बढी नै इतिहासमुखी छ । भविष्यमा जोखिम देख्छ । नाम र प्रतीक चिन्हप्रति बढ्तै 'अब्सेस्ड' छ। भित्रै बसेर संघर्ष गर्दा कमाएको सहानुभूति र साख अल्गिएपछि कायम राख्न सहज छैन ।



कृष्ण ज्ञवाली

# जेनजी आन्दोलनको सन्देश

विचार



● नरेन्द्रमान श्रेष्ठ

केपी शर्मा ओली नेतृत्वको सरकारलाई पाखा पन्छाए पनि जेनजी आन्दोलनपछि दीर्घकालीन उपलब्धि के भन्ने कोणबाट छलफल हुन थालेको छ । यसले समग्र शासन व्यवस्था र हाम्रो प्रणाली के-कति सुधार ल्यायो भन्ने प्रश्नमा आममा छ। कतिले ठुलो जनधनको क्षतिलाई व्यर्थको भनी टिप्पणी पनि गरेका छन् । विशेषगरी ओलीको ठाउँमा उस्तै शैलीकी सुशीला कार्कीको आगमन अर्थहीन रहेको टिप्पणी सुन्न पाइन्छ ।

यद्यपि, मसिनो गरी केलाइयो भने आन्दोलनको बहुआयामिक महत्व भेट्न सकिन्छ। जेनजी आन्दोलनको उपलब्धि नेपाली समाज र राजनीति इतिहासमा नयाँ मोड हो । यो आन्दोलनले युवाहरूलाई राजनीतिक रूपमा मात्रै जागरुक बनाएको छैन, शासन सत्तामै दखल दिने गरी सशक्त पनि बनाएको छ। विशेषगरी, युवा शक्तिको तागतलाई पनि यसले एकपटक सम्झाएको छ । यसले शासकलाई जनताप्रति बाध्यकारी रूपमा उत्तरदायी बनाएको छ । राजनीतिलाई पेवा र पेसाजस्तो बनाएका रैथाने नेताहरुलाई विस्थापित मात्रै गरेको छैन, सधैंका लागि बाटो पनि बन्द गर्ने अवस्था बनाइदिएको छ । जसलाई सामान्य उपलब्धि मान्न सकिन्न । किनकि आज ठुलो मानिएको नेपाली कांग्रेसदेखि भर्खरै उदाएको जनमत पार्टीसम्म पुस्तान्तरण र युवा पुस्तालाई समेट्नुपर्ने बाध्यकारी अवस्था बनाइदिएको छ ।

*जेनजी आन्दोलनले शासकलाई जनताप्रति बाध्यकारी रूपमा उत्तरदायी बनाएको छ । राजनीतिलाई पेवा र पेसाजस्तो बनाएका रैथाने नेताहरूलाई विस्थापित मात्रै गरेको छैन, सधैंका लागि बाटो पनि बन्द गर्ने अवस्था बनाइदिएको छ । जसलाई सामान्य उपलब्धि मान्न सकिन्न ।*

यस आन्दोलनको क्रममा सैनिकको सुझबुझ र विवेकपूर्ण निर्णयले ठुलो जनधनको क्षति रोक्न मद्दत पुऱ्यायो । यदि सेनाले विवेक प्रयोग नगरेको भए, देशमा अझ ठुलो संकट आउन सक्थ्यो । त्यसैगरी, जनतालाई मार्ने सरकारका आदेश, विशेषगरी साना विद्यार्थीलाई गोली हान्न लगाउने निर्णय, एकदमै निन्दनीय छ । यसले जनताको विश्वासमा ठुलो कमी ल्याएको छ ।

तत्कालीन सत्ताका मुख्य नेतृत्वकर्ता केपी शर्मा ओली, रमेश लेखक र अन्य व्यक्तिहरूको निर्णयले आन्दोलनलाई दमनमा परिणत गरेको थियो । अहिले यस्ता कार्यहरूलाई कारबाही गर्नुपर्ने आवाज उठेको छ। यसकारण, जनताले सोधिरहेका छन् कि सरकारका ती व्यक्तिहरूलाई कारबाही गरिनुपर्छ ताकि शहीद भएका आन्दोलनकारीहरूको संघर्षलाई सम्मान व्यक्त गर्न सकियोस् ।

नेपालको वर्तमान राजनीतिक परिप्रेक्ष्यमा पुराना दलका नेताहरूको नेतृत्व अब लाजमर्दो र जनताको अपेक्षासम्मको छैन। उनीहरूको स्वार्थ र भ्रष्टाचारको कारणले देशको अर्थव्यवस्था र राजनीति दुवै प्रभावित भएको छ। अब नयाँ पुस्ताका नेता नै देशको भविष्य सुरक्षित राख्न सक्षम हुनेछन् । अर्कोतर्फ, काठमाडौं महानगरका मेयर बालेन्द्र साह 'बालेन'को भूमिका यो आन्दोलनको समयमा अप्रत्यक्ष देखिएको छ । उनका आलोचकहरूले यसलाई 'विश्वासघात' भन्दै आलोचना गरेका छन् । यदि बालेनले यस समयमा जनताको पक्षमा खडा भएको भए, त्यो जनतासम्म सकारात्मक सन्देश पुग्न सक्थ्यो ।

अन्ततः जेनजी आन्दोलनका माध्यमबाट नेपाली समाजले एक महत्वपूर्ण शिक्षा प्राप्त गरेको छ । यस आन्दोलनले केवल युवाहरूलाई होइन, सम्पूर्ण देशलाई आफ्नो अधिकार र स्वतन्त्रताको रक्षा गर्नका लागि संघर्ष गर्ने प्रेरणा दिएको छ । आन्दोलनको शान्तिपूर्ण मार्गदर्शन, सरकारका अत्याचारको विरोध, र न्यायको पक्षमा उभिनको आवश्यकता अझ स्पष्ट भएको छ। अब, नेपालको भविष्य सुरक्षित राख्न पुराना दलहरूका नेताहरूलाई सफा पानीले फिल्टर गर्ने आवश्यकता महसुस भइरहेको छ। यही समयमा, राजनीतिका तेस्रो पुस्ताका नेता आफ्नो कर्तव्य र देशप्रतिको प्रतिबद्धता प्रदर्शन गर्नै पर्छ ।

मध्यान्ह
www.madhyanhadaily.com



# वडाबाटै सेवा प्रदान गर्न मुख्यमन्त्री कँडेलको आग्रह

**पूर्ण सार्की / मध्यान्ह**
सुर्खेत, ७ असोज



कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले वीरेन्द्रनगर नगरपालिका भित्रका वडाहरुलाई आफ्नै कार्यालयबाट सेवा प्रदान गर्न आग्रह गरेका छन् ।

उनले मंगलबार नगरपालिका भित्रका १ देखि १२ वडाका वडाध्यक्षहरुसँग छलफल गर्दै जेन्जी आन्दोलनका कारण वडा कार्यालयहरुमा आगजनी र तोडफोड गरिएको भएपनि अवस्था सामान्य बनिसकेकाले आफ्नै कार्यालयबाट सेवा प्रदान गर्न आग्रह गरेका हुन् ।

वडाहरुले असोज ५ गतेदेखि नागरिकले सहज रुपमा सेवा पाउन् भन्दै एकीकृत सेवा सञ्चालनमा ल्याएका थिए । अवस्था सामान्य बन्दै गएका कारण उनले सबै वडालालाई आफ्नै कार्यालयबाट सेवा प्रदान गर्न आग्रह गरे । मुख्यमन्त्री कँडेलले भने, 'अब अवस्था सामान्य हुँदै गएकोले एक थान कम्प्युटर राखेर जलेकै भवनबाट भएपनि सेवा प्रवाह गर्नुपर्‍यो ।'

उनले वडाहरुको अवलोकन गर्दै वडा कार्यालयका संरचनामा भएको आगजनी र तोडफोडपछि सेवा प्रवाहबारे भइरहेको असुविधाबारे पनि वडा अध्यक्षहरूसँग छलफल गरे ।

जेनजी आन्दोलनका क्रममा सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा व्यापक तोडफोड र आगजनी भएको थियो । आन्दोलनकै क्रममा नगरपालिकाको भवन, नक्सा शाखा, पूर्वाधार शाखा लगायतका महत्त्वपूर्ण इकाइमा क्षति पुगेको छ । सात वटा वडा कार्यालय पूर्ण रूपमा जलेर खरानी भएका छन् । वडा नम्बर २, ३, ४, ५, ६, १० र ११ का कार्यालय पूर्णरूपमा ध्वस्त भएका हुन् भने वडा नम्बर १, ७, ८, ९ र १२ मा आंशिक क्षति पुगेको छ । यस घटनाले नगरपालिकाको प्रशासनिक संरचनामै ठूलो धक्का पुर्‍याएको भएपनि मुख्यमन्त्री कँडेलले कठिन समयमा पनि जनताले पाउने सेवा-सुविधा जनताकै घरआँगनबाटै दिनुपर्छ भन्ने सन्देश प्रवाह गर्नुपर्ने बताए ।

# ब्लड क्यान्सरपीडित बालकलाई आर्थिक सहयोग

**मनु यादव निरज / मध्यान्ह**
सिरहा, ७ असोज

सिरहाको भगवानपुर गाउँपालिका-५, इनर्वा गाउँका ब्लड क्यान्सरबाट पीडित बालक अक्षय कुमार पासवानको उपचारका लागि ७० हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरिएको छ ।

वैदेशिक रोजगारीमा रहेका भगवानपुर गाउँपालिका-३ का राम शंकर यादव र बलराम यादवको पहलमा उक्त रकम संकलन गरिएको हो । उनीहरूले आफ्नो कम्पनीमा कार्यरत साथीहरूसँग मिलेर संकलन गरेको रकम खातामार्फत भगवानपुर गाउँपालिकाका पूर्वअध्यक्ष बेचनप्रसाद यादवलाई पठाएका थिए ।

मंगलबार आयोजित एक कार्यक्रममा पूर्वअध्यक्ष यादवले संकलन गरिएको उक्त रकम पीडित बालकका बुवा राजेश पासवानलाई हस्तान्तरण गरे । कार्यक्रममा यादवले श्रम गरेर कमाएको रकमबाट सहयोगी मनहरूले संकलन गरेको रकम हस्तान्तरण गर्न पाउँदा खुसी लागेको बताए । उनले भने, 'मेरो पहलमा पठाइएको यो सहयोगले पीडित परिवारलाई केही राहत मिल्ने विश्वास छ ।'

पीडित बालकका बुवा राजेश पासवानले छोराको उपचारका लागि विदेशमा रहेका नेपालीहरूले गरेको सहयोगप्रति आभार व्यक्त गरे ।

# लागूऔषधसहित तीन जना पक्राउ




**विनोद निगम / मध्यान्ह**
पश्चिम नवलपरासी, ७ असोज

पश्चिम नवलपरासीको प्रतापपुर गाउँपालिका-१, सिसहनियामा मंगलबार प्रहरीले लागुऔषधसहित तीन जनालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय समेरीबाट खटिएको टोलीले बिहान करिब १० बजे शंकास्पद अवस्थामा हिँडिरहेका व्यक्तिहरूलाई जाँच गर्दा ठूलो परिमाणमा लागुऔषध बरामद भएको हो ।

प्रहरीले पक्राउ गरिएका व्यक्तिहरूको झोलाबाट १३२ क्याप्सुल डाइजेपाम, १३२ एम्पुल बुप्रिनुफिन र १३२ एम्पुल प्रोमिथाजाइन फेला पारेको छ । पक्राउ पर्नेमा कास्कीको पोखरा महानगरपालिका-२९ का २१ वर्षीय रोहित सेन्चुरी, उनकी १८ वर्षीया पत्नी रोइरा सेन्चुरी (उर्फ असिदा बेगम) र ३९ वर्षीय बादल बस्याल रहेका छन् ।


## लिलाम बिक्रीको सूचना

**दोश्रो पटक सूचना प्रकाशित मिति २०८२/०६/०८**

यस सा व उ स वाट संकलित साल गोलिया काठ ७४७.५१ क्यू फिट र साल दाउरा १.२५ चट्टा लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो १५ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**पार्चे सा. वन उपभोक्ता समूह, वन्दिपुर २, तनहूँ ।**



## Malaysia/Saudi मा रोजगार

**1. Virgin Security Force Sdn. Bhd., Malaysia**
पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८२/०१/२६ | चलानी नं. ६०२३७५२२ | LTNo. : 323502

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 24 | 0 | [illegible] | 1700 | ५७,०००/- | [illegible] | [illegible] | [illegible] | [illegible] | छैन | छ | [illegible] |

**2. Establishment Ali Dlame Ben Salem Al Haydar Commercial, Saudi**
पुनः विज्ञापन, पूर्व स्वीकृति मिति: २०८१/९/४ | चलानी नं.: ६०२२९८९८ | LT No. 315701

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Coffee Maker | 3 | 0 | [illegible] | 1200 | ४५,०००/- | क.नि. अनुसार | [illegible] | [illegible] | क.नि. अनुसार | छ | | [illegible] |

अन्तरवार्ता २०८२ असोज १५ गते (1 Oct., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com
श्रम ईजाजत नं.: ८७५/०६६/०६७

## UAE, साउदी र कतारमा रोजगारको अवसर

**1. कम्पनी : Al Naseem Elect Switch Gear Ind LLC** — शहर: Sharjah, UAE
पूर्व स्वीकृती मिति : २०८२/०६/०५ | चलानी नं. ६०२४५१९० | LT No. 331450

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 2 | काममा दक्ष | 1000 | ३८,४४० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Electrical Engg/Supervisor | 2 | | 6000 | २,३०,५९० | | | | | | | |

**2. कम्पनी : Al Abajah Contracting Company** — शहर: Saudi Arabia, Al Faihaa
पूर्व स्वीकृती मिति : २०८२/०६/०३ | चलानी नं. ६०२४५१९१ | LT No. 330723

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 15 | काममा दक्ष | 1000 | ३७,१३० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

**3. कम्पनी : Prime Vision Trading Contracting & Services WLL** — शहर: Doha, Qatar
पूर्व स्वीकृती मिति : २०८२/०५/२९ | चलानी नं. ६०२४५१९२ | LT No. 328523

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 1 | काममा दक्ष | 1200 | ४६,५३० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Painter | 2 | | 1200 | ४६,५३० | | | | | | | |
| ३. | Mason | 2 | | 1200 | ४६,५३० | | | | | | | |
| ४. | Welder | 2 | | 1200 | ४६,५३० | | | | | | | |
| ५. | Painter(Building/Wall) | 1 | | 1200 | ४६,५३० | | | | | | | |
| ६. | Blacksmith | 1 | | 1200 | ४६,५३० | | | | | | | |
| ७. | Labour | 14 | | 1000 | ३८,९९० | | | | | | | |
| ८. | Foreman | 1 | | 2500 | ९६,९३५ | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैले | रु ७००/- कामदार आफैले | रु १५००/- कामदार आफैले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यालय काठमाडौंमा २०८२ असोज १९ गते (5 Oct, 2025) मा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.**
Shantinagar, Kathmandu, Nepal
Phone No: 01-4621348, 4620715
E-mail: jobs@empirenepal.com
Lic. No. 695/063/064

## युएईमा रोजगार

कम्पनी: **SHAMS AL FAJR FACILITIES MANAGEMENT** — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ | चलानी नं.: ६०२४५२२७ | LT. N1o.: 331457

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician Assistant | 30 | 0 | स. काममा दक्ष | 1200 | ४६,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १५ गते (1 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**तिरूपति इन्टरनेशनल म्यानपावर प्रा. लि.**
बत्तिसपुतली, गौशाला-९, काठमाडौं, नेपाल, फोन नं: ४४९८८२२, फ्याक्स नं: ४४३७५००
Govt. Lic No.: 847/066/067

## साउदीमा रोजगार

कम्पनी : **IBRAHIM MOHAMMED IBRAHIM BIN OTHAIM CONTRACTING ESTABLISHMENT** — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ | चलानी नं.: ६०२४५२०४ | LT. No.:331431

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६७,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १५ गते (1 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**PALIV INTERNATIONAL PVT. LTD.**
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
Email: palivinternational73@gmail.com,naya.sandesh8@gmail.com, Mobile: 9801070598, 9820112709,9820112700 URL: www.palivinternational.com
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४

## बहराइनमा रोजगार

कम्पनी : **COVENANT BUILDERS CO. WLL** — शहर: BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/०६/०५ | चलानी नं.: ६०२४५१४० | L.T. No.:331384

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 10 | 0 | स. काममा दक्ष | 120 | ४४,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २० गते (6 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**PEOPLE HRS PVT. LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org
Gov. Lic No. 1475/074/075

## युएईमा रोजगार

कम्पनी: **ASIA PRIME GENERAL CONTRACTING CO. L.L.C - DUBAI BRANCH** — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ | चलानी नं.: ६०२४५२३९ | L.T. No.: 331462

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 79 | 0 | | 1050 | ४०,३०५ | | | | | | | |
| 3. | Mason. | 27 | 0 | | 1200 | ४६,०६८ | | | | | | | |
| 4. | Steel Fixer | 20 | 0 | | 1200 | ४६,०६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा असोज १९ गते (5 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**PRESTIGE ASSOCIATES PVT. LTD.**
Baneshwor, Kathmandu, Nepal, Phone No. : 4104101 | 4466770 | 9702624732
Butwal: 9845518018 | 9823098837 | 9804411698, Itahari: 9804397021 | 9810436524
श्रम इजाजत पत्र नं.: ७३०/०६४/०६५


## बागमती प्रदेश सरकार
### भौतिक पूर्वाधार विकास मन्त्रालय
### यातायात पूर्वाधार निर्देशनालय
### पूर्वाधार विकास कार्यालय
धादिङवेशी, धादिङ, बागमती प्रदेश

**निलकण्ठ न.पा. -४ सुन्दरनगर र वार्ड ३ प्रगती टोल जोड्ने पक्की बक्स पुल (१४.३ मि.) निर्माण आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८२/०६/०८**

बागमती प्रदेश, धादिङ जिल्ला, निलकण्ठ नगरपालिकामा पूर्वाधार विकास कार्यालय, धादिङवेशी, धादिङद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, धादिङशी, धादिङ |
|---|---|
| प्रस्तावको व्यहोरा | निलकण्ठ नगरपालिकाको वार्ड नं. ४ को सुन्दरबजार र प्रगती टोल जोड्ने सडकमा रहेको खोलामा १४.३ मि. लम्बाईको मोटलेवल पक्कि बक्स पुल निर्माण<br>पुलको प्रकार : बक्स पुल, बक्सको संख्या: २ वटा, चौडाई – ८.४ मि., प्रभावकारी स्पान – १३.४ मि. |
| प्रभाब पर्न सक्ने जिल्ला, स्थानिय तह र वार्ड | धादिङ जिल्ला, निलकण्ठ नगरपालिका, वार्ड ३ र ४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाब पर्दछ भनि या यकिन गर्न सो स्थानको ग.पा/न.पा. तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाब लिन आवश्यक भएकाले यो सार्बजनिक प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगना:**

| प्रस्तावकको नाम र ठेगना | परामार्शदाताको नाम र ठेगना |
|---|---|
| बागमती प्रदेश सरकार - भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय धादिङ्वेशी, धादिङ्<br>फोनः ०१०-५६०८५९; ईमेलः idonuwakot@bagamati.gov.np | ईन्डिभ्योर इन्जिनियर सर्भिसेस प्रा.लि.<br>काठमाडौं -३२, पेप्सीकोला, काठमाडौं<br>सम्पर्क : ९८५११९६३१९<br>इमेल: endeavourengineeringservices@gmail.com |

## सटर खाली गर्ने सम्बन्धी सार्वजनिक सूचना

*का.म.पा.३१ वडा अन्तर्गत पुरानो बानेश्वर बस्ने श्रीजना बज्राचार्यले निजको सटरमा व्यवसाय सञ्चालन गरी बस्ने लम्मी कुमारी गौतम र निजको पति शिव शरण बुढाथोकी नामको व्यक्ति मिति २०८१ माघ महिनादेखि घर भाडा लिई बसीरहनु भएकोमा विगत ४ महिना देखि सटर बन्द गरि बेपत्ता भएकोमा १५ दिने सुचना टाँस गर्दा समेत सम्पर्कमा नआएको हुनाले यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित भएको मितिले १५ दिन भित्र सम्पर्कमा आउनु होला अन्यथा कानुन बमोजिम भईजाने व्यहोरा अवगत गराउँदछौं ।*

## काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/०८**

कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका-७ स्थित सिद्ध सा.व.उ.स को वन क्षेत्रबाट उत्पादन भई सा.व.उ.स. को घाटगद्दीमा राखिएको कुल ८३ थान गोलियाको परिमाण ४०४.७४ क्यूफिट खयर जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनमा दिउँसो ठिक २ बजेभित्र बिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**धनी चन्द (अध्यक्ष)**
**सम्पर्क नम्बर: ९८४१८४३१८७**

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **SIJAN OVERSEAS PVT. LTD.** (**श्रम इजाजत पत्र नं. १६८१/०८०/०८१**) मा कार्यरत निम्न कर्मचारी यहि मिति २०८२ भाद्र ५ गतेबाट हाल यस कार्यालयमा नरहेको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को कर्मचारीको हैसियतमा कुनै पनि किसिमको कारोबार नगर्न/नगराउनु हुन तथा यदि सो गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने व्यहोरा यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ। यस बारेमा यदि कुनै दाबी बिरोध भएमा यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं।

| सि.नं. | कर्मचारीको नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | रसिला खतिवडा | १३-०१-७३-००६६३ | मार्केटिङ म्यानेजर |

**SIJAN OVERSEAS PVT. LTD.**
Airport, Shambhu Marg -Road No.2, Kathmandu Tel : 01-5913578
E-mail: sijanoverseas@gmail.com, Website: www.sijanoverseas.com
श्रम इजाजत नं. १६८१/०८०/०८१


## मलेसियामा रोजगार

कम्पनी : **BORNEO YIN WOH SDN BHD** — शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०६/०७ | चलानी नं.: ६०२४५२०८ | LT. No.: 331328

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 9 | 0 | स. काममा दक्ष | 1700 | ५७,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज १५ गते (1 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**SEVEN SEAS INTERCONTINENTAL SERVICES PVT. LTD.**
दाई कम्प्लेक्स, गुहेश्वरी, काठमाडौं, Phone : 01- 5107440
Mobile: 9801650009, 9801650001, 9801650006, 9801122221, 9801122224.
E-mail : info@smanpower.com /Web.: www.smanpower.com
Lic No.888/067/068


# INVITATION FOR SEALED TENDER BIDS

(First date of publication: 24th September 2025)

**Description of Works:** NMB Bank Limited, Kathmandu invites interested and registered companies/bidders to submit sealed tender bids for the "Supply and Installation of Futurex Hardware Security Module (HSM).

The RFP document can be obtained by company/bidder upon submission of a written application and payment of a non-refundable fee of NPR 2,000.00 (Nepalese Rupees Two Thousand Only) to account number 00901371300114 (Bid Document Purchase Parking Account) of the bank.

The tender shall consist of sealed bids as described in the RFP document, according to the schedule provided below:

| S.N. | Activity | Date/Venue |
|---|---|---|
| 1. | Submission of Sealed Tender Bids | The complete, sealed, and stamped bids (separate technical and financial proposals) must be submitted to the address below **on or before 5:00 PM, within the 15th day (8th October 2025)** from the date of publication of this notice. In case the deadline falls on a public holiday, bids may be submitted on the next working day. |
| 2. | Opening of Sealed Tender Bids | Will be advised later |

1. The bidder must be a legally registered company under the applicable laws of their country.
2. The bidder must hold valid tax registration, such as PAN or VAT, as required by their country's authority.
3. The bidder must be an authorized vendor for selling Futurex Hardware Security Module (HSM).
4. The Bank reserves the right to accept or reject any or all applications without assigning any reason whatsoever.
5. Eligible and interested participants may contact the office of:
   **Projects and Strategic Sourcing Department,**
   **NMB Bank Limited**
   **Krishna Tower – 6th Floor, Bijuli Bazar**
   **Phone: 01-4217117 Ext-1578**

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

## बागमती प्रदेश सरकार
### भौतिक पूर्वाधार विकास मन्त्रालय
### यातायात पूर्वाधार निर्देशनालय
### पूर्वाधार विकास कार्यालय
धादिङवेशी, धादिङ, बागमती प्रदेश

**सुनौला बजार सडकमा हाँडी खोला पक्की पुल, निलकण्ठ -०७, धादिङ (१५ मि.) निर्माण आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८२/०६/०८**

बागमती प्रदेश, धादिङ जिल्ला, निलकण्ठ नगरपालिकामा पूर्वाधार विकास कार्यालय, धादिङवेशी, धादिङद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, धादिङवेशी, धादिङ |
|---|---|
| प्रस्तावको व्यहोरा | सुनौला बजार सडकमा हाँडी खोला पक्की पुल<br>पुलको लम्बाई – १५ मि., कुल चौडाई - ८.४ मि. (क्यारिज वे - ६.० मि. र पैदलमार्ग- दाँया/बाँया १.२/१.२ मि.); कर्ब – ०.३ मि., एप्रोच स्लाब- ३ मि., पुलको प्रकार - Open foundation सहितको RCC T-Beam |
| प्रभाब पर्न सक्ने जिल्ला, स्थानिय तह र वार्ड | धादिङ जिल्ला, निलकण्ठ नगरपालिका, वार्ड ४ र ७ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाब पर्दछ भनि या यकिन गर्न सो स्थानको ग.पा/न.पा. तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाब लिन आवश्यक भएकाले यो सार्बजनिक प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगना:**

| प्रस्तावकको नाम र ठेगना | परामार्शदाताको नाम र ठेगना |
|---|---|
| बागमती प्रदेश सरकार - भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय धादिङ्वेशी, धादिङ्<br>फोनः ०१०-५६०८५९<br>ईमेलः idonuwakot@bagamati.gov.np | ईन्डिभ्योर इन्जिनियर सर्भिसेस प्रा.लि.<br>काठमाडौं -३२, पेप्सीकोला, काठमाडौं<br>सम्पर्क : ९८५११९६३१९<br>इमेल: endeavourengineeringservices@gmail.com |

## बागमती प्रदेश सरकार
### भौतिक पूर्वाधार विकास मन्त्रालय
### यातायात पूर्वाधार निर्देशनालय
### पूर्वाधार विकास कार्यालय
धादिङवेशी, धादिङ, बागमती प्रदेश

**साङकोश तिप्लिङ्ग सडक (किङ्ताङ्फेदी- लिस्ने सडक खण्ड (१२.० कि.मि., धादिङ) स्तरोन्नति आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८२/०६/०८**

बागमती प्रदेश, धादिङ जिल्ला, खनियाबास गाउँपालिकामा पूर्वाधार विकास कार्यालय, धादिङवेशी, धादिङद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, धादिङ्वेशी, धादिङ् |
|---|---|
| प्रस्तावको व्यहोरा | साङकोश तिप्लिङ्ग सडक (किङ्ताङ्फेदी- लिस्ने सडक खण्ड, १२.० कि.मि.), धादिङ स्तरोन्नति आयोजना<br>**सुरु बिन्दु** - खनियाबास गा.पा., वार्ड ४, किङ्ताङ्फेदी; **अन्तिम बिन्दु** - खनियाबास गा.पा. वार्ड २, धुङ्द्रे<br>**फर्मेसन चौडाई** : नाली बाहेक ९ मि.;<br>**केरियज वे चौडाई** : ५.५ मि. ; **शोल्जर**: दुबै छैउ ०.७५ मि.;<br>**प्रस्तावित सतह** - कालोपत्रे |
| प्रभाब पर्न सक्ने जिल्ला, स्थानिय तह र वार्ड | धादिङ जिल्ला, खनियाबास गाउँपालिकामा वार्ड २, ३ र ४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाब पर्दछ भनि या यकिन गर्न सो स्थानको ग.पा/न.पा. तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाब लिन आवश्यक भएकाले यो सार्बजनिक प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगना:**

| प्रस्तावकको नाम र ठेगना | परामार्शदाताको नाम र ठेगना |
|---|---|
| बागमती प्रदेश सरकार - भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय धादिङ्वेशी, धादिङ्<br>फोनः ०१०-५६०८५९<br>ईमेलः idonuwakot@bagamati.gov.np | हाइड्रोकोन नेपाल प्रा.लि .<br>संखमुल ,काठमाडौँ<br>सम्पर्क : ९८५१२२४७३४<br>इमेल: nepal.hydroconmoc.liamg@ |

## नेपाल सरकार
### नेपाल कृषि अनुसन्धान परिषद
### भेडा तथा बाखा अनुसन्धान कार्यक्रम
गुठीचौर, जुम्ला

**भेडा तथा बाखाको लागि तयारी दाना खरिद सम्बन्धी पुनः विद्युतीय सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

Supply and delivery of Feed (Pellet) for Animals
ठेक्का नं. : SGRP/SQ/Feed/01-2082/83
दोस्रो पटक सूचना प्रकाशित भएको भएको मिति : २०८२/०६/०८

यस भेडा तथा बाखा अनुसन्धान कार्यक्रमको भेडा तथा बाखाको लागि तयारी दाना खरिद गर्न मिति २०८२/०५/११ गते प्रथम पटक सूचना प्रकाशन गरिएकोमा एकमात्र दरभाउपत्र प्राप्त भएकोले उल्लिखित कार्य गर्न इच्छुक योग्य आपूर्तिकर्ताबाट रितपुर्बकको पुनः विद्युतीय सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । दरभाउपत्र सम्बन्धी कागजात PPMO को Website www.bolpatra.gov.np मार्फत मिति २०८२/०६/२३ गते १२:०० सम्म पेश गर्नुपर्नेछ र बिस्तृत सूचना दरभाउपत्र फारममा संलग्न गरिएको छ । दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा फोन नं. ९८४७१६३३१७ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

मध्याह्न
www.madhyanhadaily.com
८ असोज २०८२ बुधबार
24 September 2025 Wednesday

# चौथो काव्य म्युजिक अवार्डको निर्णायकमा बडू





**काठमाडौं/मस–** बहुविधाका धनी व्यक्तित्वको परिचय बनाएका वरिष्ठ लोक देउडा गायक भुवनप्रकाश बडूले 'चौथो काव्य म्युजिक अवार्ड-२०८२' मा कुशल निर्णायकको भूमिका निर्वाह गरेका छन् । सोही कारण उनलाई 'निर्णायक सम्मान-२०८२' प्रदान गरिएको छ । 'दक्षिणकाली अफसेट प्रेस' र 'काव्य म्युजिक सेन्टर'ले आइतबार काठमाडौंको चाबहिलस्थित चलचित्र विकास बोर्डको हलमा आयोजना गरेको कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल सरकार, चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष कृष्ण मल्ल, आयोजक दक्षिणकाली अफसेट प्रेसका अध्यक्ष टपेन्द्र केसी र काव्य म्युजिक सेन्टरकी अध्यक्ष सुजिता आचार्यले बडूलाई सम्मान-प्रसंशापत्र प्रदान गरेका हुन् ।

गायक बडूले यसअघि 'दोस्रो क्रियटिभ इन्टरनेशनल म्युजिक अवार्ड-२०२५', 'राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल'द्वारा आयोजित 'तिज गीत प्रतियोगिता २०६३', 'टीकापुर महोत्सव साँस्कृतिक प्रतियोगिता-२०६६', 'सामुदायिक सञ्चार केन्द्र'द्वारा आयोजित 'लोकगीत प्रतियोगिता-२०६८', 'सुदूरपश्चिम देउडा गीत महोत्सव २०६८', 'तिज महोत्सव-२०१६' मा सञ्चालित 'तिज गीत प्रतियोगिता' लगायत कला-मनोरञ्जनसम्बद्ध प्रतियोगिताहरूमा निर्णायक/प्रमुख निर्णायकको हैसियतमा निष्पक्ष भूमिका निर्वाह गरिसकेका छन् ।

यतिमात्रै होइन, 'राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठान'को आजीवन सदस्यसमेत रहेका उनी धेरैपटक अभिनन्दित, पुरस्कृत र अवार्डसहित सम्मानित भएका छन् । 'तेस्रो राष्ट्रिय सुप इन्टरटेनमेन्ट म्युजिक अवार्ड-२०८१' मा 'सुप इन्टरटेनमेन्ट दशक कला सम्मान' (बरिष्ठ लोक संगीतकर्मी), 'दोस्रो स्टार म्युजिक भिडियो अवार्ड-२०२३' (सर्वोत्कृष्ट आधुनिक गायक, मेरो माया मार्‍यो बोलको गीतबाट), 'जलजला राष्ट्रिय फिल्म र म्युजिक अवार्ड-२०२३' (सर्वोत्कृष्ट देउडा गायक, फूल कोपिला गीतबाट), 'रारा राष्ट्रिय म्युजिक अवार्ड-२०२३' (कर्णाली कलाकार समाजद्वारा आयोजित, सर्वोत्कृष्ट देउडा साँस्कृतिक गायक, सुना लक्सीमा गीतबाट), 'पहिलो स्टार म्युजिक भिडियो अवार्ड-२०२२' (ग्रिट नटराज फिल्म्स्द्वारा आयोजित, सर्वोत्कृष्ट संगीत संयोजक अवार्ड, देउडा गीत न्यौलेबाट), 'गिनिज वर्ल्ड रेकर्ड-२०१८' (मोष्ट भोकल सोलो गीत), 'गौरा तथा विशेष साँस्कृतिक कार्यक्रम-२०८२' मा (सम्मान पत्र), 'नेपाल सरकार, सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठान'बाट २०८१ वैशाख ८ मा (सम्मान पत्र), 'सुदूरपश्चिमेली नेपाली समाज-भारत-२०७४' (कृतज्ञता पत्र), 'टीकापुर नगर उद्योग वाणिज्य संघ' ले आयोजना गरेको 'टीकापुर महोत्सव-२०६५' मा (संगीत संयोजक प्रमाणपत्र) आदि यसैका केही उदाहरण हुन् ।

प्रखर संगीतकार, संगीत संयोजक, कुशल वाद्यवादक तथा लोकप्रिय मोडल र कार्यक्रम प्रस्तोता समेत रहेका बडूसँग धेरै भाषाको ज्ञान छ । संगीत यात्रामा व्यावसायिक रूपमा नै समर्पित भएको करिव तीन दशकको अवधिमा देउडा गायनमा आफूलाई अब्बल साबित गराउन सफल उनले आधुनिक, लोक, पूर्वेली, काँठे, कुमाउनी, चलचित्रदेखि विभिन्न भाषाभाषीका गरी एक हजारभन्दा बढी गीतमा स्वर तथा पाँच सय बढीमा संगीत दिइसकेका छन्- जुन अत्यन्तै सफल छन् । यसमध्ये पनि 'प्रयास', 'परायाको देश', 'प्याउली फूल', 'उदासी मन', 'जोडी हाँस', 'बैनाकी डोली', 'मोहनी लाग्यो', 'बिछोड', 'कर्म', 'चिठ्ठीपत्र लेखी', 'लाउला माया हासेर', 'बिछोडको वेदना' एकसय ३२ जनाको सामूहिक स्वर रहेको 'ऐतिहासिक देउडा गीत २०७४ न्याउला गीत', 'न्याउला गीत भाग-२' आदि लोकप्रिय मानिन्छन् ।

# उपल्लो मुस्ताङको कथा 'तोरकीन'




**काठमाडौं/मस–** युवा लेखक क्षितिज समर्पणको पहिलो उपन्यास 'तोरकीन' सार्वजनिक भएको छ । माथिल्लो मुस्ताङको जन्म, विवाह, मृत्यु-संस्कार, रहनसहन, बसाइँसराइ, संस्कृति, परम्परा तथा गुम्बा र दरबारको सामाजिक, सांस्कृतिक एवम् भौगोलिक इतिहासको कथालाई खोज-अनुसन्धान गरी मिथकीय शैलीमा उपन्यासमा प्रस्तुत गरिएको छ ।


उपन्यासबारे लेखक समर्पण भन्छन्, 'मैले रित्तिँदै गएका वस्ती, पग्लिँदै गरेका हिमाल, चिसिँदै गएका सम्बन्ध, हराउँदै गएका संस्कार, परम्परा र संस्कृतिको कथा लेखेको हुँ । यस उपन्यासमार्फत पाठकलाई फेरि मानव सभ्यताको जरामा फर्काउने कोसिस गरेको छु ।'

छेवाङ र कुन्साङ मुख्य पात्रमार्फत तीन पुस्ताको कथाभित्र मानव जीवनमा आउने आरोह-अवरोह तथा सपना र सम्बन्धहरूको यथार्थपरक चित्रण गरिएको छ । स्थानीय ल्होवा भाषामा 'तोरकीन'को अर्थ हराउँदै जानु, लोप हुनु हो ।

सरल र काव्यात्मक भाषा-शैली तथा पात्रहरूको कथ्यशैलीको स्थानीय लवजले उपन्यासलाई अझै रुचिकर र पठनीय बनाएको छ । महत्वकांक्षी किताबहरूको सूचीमा प्रकाशन गरिएको यस उपन्यासमार्फत नेपाली साहित्यमा एक उम्दा नयाँ लेखकको उदय भएको प्रकाशक बुकहिलले जनाएको छ ।

जाजरकोटमा जन्मिएका क्षितिज समर्पण गीत, गजल र आख्यान लेखनमा सक्रिय छन् । उनी 'बाह्रखरी कथा लेखन प्रतियोगिता' (२०७६ र २०७७) पुरस्कृतसमेत भएका थिए । ३३६ पृष्ठको पुस्तकको बजार मूल्य ६६६ रुपैयाँ रहेको छ ।

# 'लालीगुराँसको साटो' सार्वजनिक




**काठमाडौं/मस–** 'लालीगुराँसको साटो रक्तरञ्जित भो वन, चौराली अनि पाखामा लासको टाकुरा किन ?' यो पंक्ति केवल गीत होइन, हाम्रो इतिहासको घाउ बोलेको कविता जस्तो लाग्छ । महाकाव्यकार खेमनाथ दाहालले २०६० सालमै लेखेको काव्य 'योद्धा'भित्रको यो श्लोक फेरि संगीतसहित पुनर्जीवित भएको छ ।

गीतमाथि कार्यक्रमस्थलमा व्यक्त भएका धारणा सुन्दा लाग्थ्यो, साहित्य र संगीतबीचको पुल बलियो हुँदै गएको छ । दाहालको कलमबाट बगेका शब्दहरू र सन्तोषको स्वरबाट घन्किएको धूनले उपस्थितलाई गीत मात्र होइन, एक ऐतिहासिक सन्देश सुनाइरहेको थियो । मंगलबार राजधानीमा मिलापको आयोजनामा गरिएको विशेष समारोहमा गीतको भिडियो सार्वजनिक हुँदै गर्दा सभाहल केवल विमोचन स्थल बनेन, बरु साहित्य, संगीत र इतिहासको संगम स्थलमा रूपान्तरित भयो । समारोहमा प्रमुख अतिथि प्रा.डा. शैलेन्दुप्रकाश नेपालले गीतको भिडियो सार्वजनिक गरेका थिए । उनले दाहाललाई पुरानै परिचयका साथ सम्झिँदै भन्नुभयो, 'खेमनाथमा विविधताको संगम छ, उहाँका सिर्जनाले त्यो पुष्टि गरेको छ ।'

प्रमुख अतिथि नेपालले भाषा, साहित्य, कला र संस्कृतिका बारेमा आफ्ना धारणा राख्दै संगीतकार सन्तोष र महाकाव्यकार खेमनाथको सहकार्यमा कालजयी गीत आएको धारणा राखे । उनले धेरै पहिला लेखिएको गीत भए पनि अहिले पनि त्यतिकै सान्दर्भिक रहेको चर्चा गरे । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका पूर्वअध्यक्ष तथा साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीले महाकाव्यकार दाहालका सिर्जनाहरूको चर्चा गर्दै दाहालले देश तथा विदेशमा थुप्रै सम्मान प्राप्त गरेका जानकारी दिए । उनले भने, 'गीत जस्तो उत्कृष्ट बनेको छ, भिडियो पनि त्यति नै प्रभावकारी छ ।' गीतमा संगीत र स्वर दिएका विश्वकीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठले आफ्नो अनुभव बाँड्दै भने, 'काव्यका गहिरा श्लोकलाई गीतमा ढाल्नु सजिलो छैन तर यही कठिनाइले मलाई फेरिफेरि यस्तो कामतर्फ तानेको छ ।' उनले महाकव्यकार दाहालको 'श्वेतपत्र' महाकाव्यका श्लोकबाट पहिलो गीत बनाएको बताउँदै यो 'योद्धा' काव्यका श्लोक लिएर गीत तयार पारिएको जानकारी दिए । यस्तै, 'नेपाली गजल गायनको स्वर्ण दशक, वि.सं. २०८०-२०९०' अभियन्ता तथा गजलकार घनेन्द्र ओझाले कीर्तिमानी संगीतकार तथा गायक सन्तोष श्रेष्ठ र आफूले सहकार्य गरेर नेपाली गजल गायनको स्वर्ण दशक मनाइरहेको बताउँदै सन्तोष नयाँनयाँ र फरक कार्य गर्न रुचाउने व्यक्तित्व भएको भनाइ राखे । ओझाले सन्तोष र दाहालको सहकार्यले अझ धेरै कालजयी गीत सिर्जना हुने आफूले आशा राखेको बताए ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०७/१२ मा दर्ता भएको प्रा.लि.नं. ११७०५० को एस.डि.सुयशा इन्टरनेशनल प्राइभेट लिमिटेड नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/२८ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना !! सूचना !!

**प्रकाशित मिति : २०८२/०६/०८**

यस संस्थाको मिति २०८२/०५/०४ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम संस्थाको १६ औं वार्षिक साधारण सभा मिति २०८२/०५/२८ गते गर्ने भनी सूचना प्रकाशित गरिएकोमा संस्थाका अध्यक्ष श्री प्रेम बहादुर कटुवाल ज्यूका पुजनीय पिताको स्वर्गारोहण र देशमा उत्पन्न असहज परिस्थितिका कारणले उक्त मितिमा साधारण सभा हुन नसकेको हुँदा मिति २०८२/०६/०६ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम उक्त साधारण सभा सोही स्थान, समय र मिति २०८२/०६/२५ गते शनिवारका दिन साधारण सभाको आयोजना गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लोक दर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**नयाँ वानेश्वर, काठमाडौं, फोन नं. ०१४५८४३६०**

## निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक । कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदावीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **अभ्रम लो**<br>बाबु : जित बहादुर लो<br>बाजे : कृती मान | सर्लाही जिल्ला बागमती नगरपालिका वडा नं.४ | बचत खाता नं. ०६३१००१७५०१७८४ | हृरिवन | २०८२/०३/०९ | सर्लाही जिल्ला, बागमती नगरपालिका वडा नं.४ बस्ने सारा लो बोम्जन (श्रीमती) |
| २ | **नर बहादुर कुमाल**<br>बाबु : धन बहादुर कुमाल<br>बाजे : खेम बहादुर कुमाल | अर्घाखाँची जिल्ला, छत्रदेव गा.पा. वडा नं. १ | बचत खाता नं. २१४१००१७५०८०९१ | छत्रगन्ज, अर्घाखाँची | २०८२/०४/२१ | अर्घाखाँची छत्रदेव गा.पा. वडा नं. १ बस्ने हिम कुमारी कुमाल (श्रीमती) |
| ३ | **राम बहादुर अधिकारी**<br>बाबु : लाल बहादुर अधिकारी<br>बाजे : भुड्का अधिकारी | लुम्बिनी प्रदेश, बाँके जिल्ला खजुरा गाउँपालिका वडा नं ०२ | बचत खाता नं. १७८१००१७५०३८२० | नेपालगन्ज, धम्बोजि | २०८१/०४/२४ | बाके जिल्ला नेपालगंज उप महानगर पालिका वडा नं १० बस्ने मिना शर्मा (छोरी) |
| ४ | **आत्मा राम गैरे**<br>बाबु : शोभाकर गैरे<br>बाजे : शेशकान्त गैरे | काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १६, | बचत खाता नं. १८६१००१७५०८८९२ | बनस्थली | २०८२/०३/१६ | काठमाण्डौ जिल्ला काठमाण्डौ महानगर पालिका वडा नं. १६, ठेगाना बस्ने रेणुका गैरे (श्रीमती) |
| ५ | **राम बहादुर लामा**<br>श्रीमती : गुनु माया तामाङ<br>बाबु : चन्द्र बहादुर लामा | काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल नगरपालिका वडा न. ८ | बचत खाता नं. ४२१००१७५०५३३४ | धुलिखेल | २०८२/०२/३० | काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल नगर पालिका वडा न. ८ बस्ने गुनु माया तामाङ (श्रीमती) |
| ६ | **मनोज कुमार यादव**<br>बाबु : धिरेन्द्र राय यादव<br>बाजे : बुधन राय | मधेश प्रदेश,रौतहट जिल्ला गरुडा नगरपालिका वडा नं.१ | बचत खाता नं. २२९१००१७५००५२८ | देवाही गोनाही | २०८०/११/०८ | मधेश प्रदेश,रौतहट जिल्ला गरुडा नगर पालिका वडा नं.१ बस्ने संझा कुमारी नाता (श्रीमती) |
| ७ | **धर्मसिला देवी**<br>बाबु : राजिन्द्र मिश्र<br>बाजे : जयनाथ मिश्र | मधेश प्रदेश,रौतहट जिल्ला देवाही गोनाही नगरपालिका वडा नं.९ | बचत खाता नं. २२९१००१७५१६२७६ | देवाही गोनाही | २०८२/०४/०४ | मधेश प्रदेश,रौतहट जिल्ला देवाही गोनाही नगरपालिका वडा नं.९ बस्ने- योगेन्द्र मिश्र (श्रीमान) |
| ८ | **हसिबुन नेसा**<br>बाबु : महमद वाजुल हक<br>बाजे : शेख जुमन | मधेश प्रदेश,रौतहट जिल्ला देवाही गोनाही नगरपालिका वडा नं.२ | बचत खाता नं. २२९१००१७५१७०२६ | देवाही गोनाही | २०८१/०७/१२ | मधेश प्रदेश,रौतहट जिल्ला देवाही गोनाही नगरपालिका वडा नं.२ बस्ने- शेख मन्जारुल नाता (श्रीमान) |
| ९ | **हेम बहादुर थापा**<br>बाबु : जम बहादुर थापा<br>बाजे : नन्दराम थापा | अर्घाखाची जिल्ला छत्रदेव गाउँपालिका वडा नं.६ | बचत खाता नं. १७६१००१७५०९२३९ | बुटवल, रुपन्देही | २०८१/१२/२४ | अर्घाखाची जिल्ला छत्रदेव गाउँपालिका वडा नं.६ बस्ने मुनकला देवि थापा आमा) |
| १० | **निर्मल कुमार काउचा**<br>बाबु : गिरी प्रसाद काउचा<br>बाजे : दल बहादुर काउचा | रुपन्देही जिल्ला देवदह नगरपालिका वडा नं.८ | बचत खाता नं. १०१००१७५०५८३२ | बुटवल, रुपन्देही | २०८१/११/१२ | रुपन्देही जिल्ला देवदह नगरपालिका वडा नं.८ बस्ने सावित्री काउचा (श्रीमती) |
| ११ | **सुरेन्द्र हजरा**<br>बाबु : विगा हजरा<br>बाजे : जंगलि हजरा | मधेश प्रदेश, पर्सा जिल्ला, बिन्दवासिनी गाउँपालिका, वडा नं. ०४ | बच्त खाता नं. १७७१००१७५००५२८ | वीरगंज बाइपास | २०८२/०४/२१ | मधेश प्रदेश, पर्सा जिल्ला, बिन्दवासिनी गाउँपालिका, वडा नं. ०४ बस्ने कलावती देवी (श्रीमती) |
